लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20, Jun/Jul, 2022)

महालेखापरीक्षकको कार्यालय



यस भित्र.....

क्र.सं.	शीर्षक	पृष्ठ संख्या
१	महालेखापरीक्षकको ५९औं वार्षिक प्रतिवेदन पेश	४
२	महालेखापरीक्षकको ५९ वार्षिक प्रतिवेदनमा उल्लेख भएका प्रमुख व्यहोरा तथा तथ्यांक	५
३	वार्षिकोत्सव समारोह सम्पन्न	२७
४	बेरुजु फर्स्यौट प्रगतिको छलफल	४१
५	माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको ५ वर्षको कार्य अवधिमा सम्पादित प्रमुख कार्य	४२
६	लेखापरीक्षकसँगको अन्तरक्रिया कार्यक्रम	४९

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री महेश्वर काफ्ले

सम्पादक मण्डल
संयोजक
नायब महालेखापरीक्षक
श्री बालकृष्ण थापा

सदस्य
निर्देशक
श्री नेत्र प्रसाद पौडेल
श्री रमेश सुवेदी

लेखापरीक्षण अधिकारी
श्री विधान अर्याल
श्री दिवश शंकर अधिकारी

लेआउट/डिजाईन
श्री अनिल कुमार दहित
श्री माधव अधिकारी

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं।
फोन नं. ०१-४२६२९५८
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oagnep@ntc.net.np
website: oag.gov.np

लोटस बोर्ड नं. ६१८०१४२५३२७०

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री घनश्याम पराजुली
सम्पर्क : +९७७-०१-४७७१५८२,
९८४१३६२२८६
ईमेल : gsparajuli@gmail.com

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री नेत्र प्रसाद पौडेल
सम्पर्क : +९७७-०१-४७७०६८७,
९८५१११७५११
ईमेल : dir.admin@oagnep.gov.np

सम्पादकीय

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू समक्ष २०७९ असार २९ गते माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले नेपालको संविधानको धारा २४१ अनुसार आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) बमोजिम महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदन, २०७९ पेश गर्नुभएको छ । यो वार्षिक प्रतिवेदन वर्तमान माननीय महालेखापरीक्षकज्यूको कार्य अवधिको पाँचौ प्रतिवेदन हो । यो वर्ष सघीय तथा प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेत ५ हजार ७ सय ५८ निकायको रु.७५ खर्ब ३३ अर्ब ९ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । सरकारी निकायतर्फ संघ, प्रदेश र स्थानीय तहसमेतको लेखापरीक्षणबाट रु.१ खर्ब १५ अर्ब ५ करोड (१.५३ प्रतिशत) बेरुजु कायम भएको छ। पछिल्लो ५ वर्षको महालेखापरीक्षकको वार्षिक प्रतिवेदन अनुसार लेखापरीक्षण सम्पन्न निकाय, कुल लेखापरीक्षण अंक र बेरुजुको अनुपातमा सामान्जस्यता देखिन्छ । महालेखापरीक्षकको ५५ औं वार्षिक प्रतिवेदन अनुसार ६ हजार ६ सय ७ निकायको रु.४६ खर्ब ८७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न हुँदा रु.१ खर्ब २० अर्ब ९१ करोड (२.५८ प्रतिशत) बेरुजु देखिन्छ भने ५६ औं वार्षिक प्रतिवेदन अनुसार ६ हजार ६ सय ४४ निकायको रु.५१ खर्ब ६० अर्ब ९२ करोडको लेखापरीक्षण सम्पन्न हुँदा रु.१ खर्ब ४१ अर्ब ५ करोड (२.७३ प्रतिशत) बेरुजु देखिएको छ। त्यसैगरी महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदन अनुसार ५ हजार ६ सय १९ निकायको रु.५१ खर्ब ७१ अर्ब ६४ करोडको लेखापरीक्षण सम्पन्न हुँदा रु.१ खर्ब ३३ अर्ब (२.५७ प्रतिशत) बाँकी पृष्ठ ११ मा

माननीय महालेखापरीक्षकज्यूको सन्देश



नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय र पूर्ण स्वामित्व भएको संगठित संस्थाको महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ । यो वर्ष विद्युतीय लेखापरीक्षण पद्धतिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) को प्रयोग गरी जोखिममा आधारित लेखापरीक्षण विधि मार्फत ५ हजार ७५८ निकायको आर्थिक कारोबारको लेखापरीक्षण गरेर सोबाट प्राप्त नतिजा, निष्कर्ष र सुझाव समावेश गरी ५९ औं वार्षिक प्रतिवेदन तयार गरिएको छ । उच्च जोखिम भएका कार्यालयको सो प्रणालीको प्रयोग गरी लेखापरीक्षण गर्ने निकायमा उपस्थित भई लेखापरीक्षण गरिएको छ भने मध्यम तथा न्यून जोखिम भएका कार्यालयको लेखापरीक्षण गर्दा सोही प्रणालीको प्रयोग गरी दूर लेखापरीक्षण पद्धतिको अवलम्वन गरिएको छ। लेखापरीक्षण क्रममा विद्यमान कानुनको पालना, स्रोत परिचालन, योजना एवं बजेट तर्जुमा र कार्यान्वयन, पूर्वाधार निर्माण, आयोजना व्यवस्थापन, खरिद व्यवस्थापन, सार्वजनिक प्रशासन र सुशासन, वित्तीय अनुशासन, आन्तरिक नियन्त्रण, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सार्वजनिक संस्थान सञ्चालन, संघीयता कार्यान्वयन, स्रोत साधनको उपयोग र उपलब्धि, सूचना प्रविधिको प्रयोग लगायतका विषयहरूको स्वतन्त्रतापूर्वक अध्ययन, मूल्याङ्कन एवं विश्लेषण गरी सुझाव प्रस्तुत गरिएको छ । संघीय तथा प्रदेश सरकारी निकाय र स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेत यस वर्ष रु.७५ खर्ब ३३ अर्ब ९ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । सरकारी निकायतर्फ संघ, प्रदेश र स्थानीय तहसमेतको लेखापरीक्षणबाट रु.१ खर्ब १५ अर्ब ५ करोड बेरुजु कायम भएको छ । सोमध्ये ३ हजार २८७ संघीय सरकारी निकाय तथा कार्यालयको रु.२८ खर्ब २० अर्ब ३७ करोडको लेखापरीक्षणबाट रु.४९ अर्ब ४७ करोड (१.७५ प्रतिशत) र प्रदेश निकाय तथा कार्यालय १ हजार १३१ को रु.२ खर्ब ९९ अर्ब ५७ करोडको लेखापरीक्षणबाट रु.७ अर्ब ४८ करोड (२.५० प्रतिशत), ४४८ समिति तथा अन्य सस्थाको रु.२ खर्ब ६ अर्ब १२ करोडको लेखापरीक्षणबाट रु.१४ अर्ब १९ करोड ६.८९ प्रतिशत) र ७९९ स्थानीय तह (बक्यौता ५५ समेत), को रु.१० खर्ब ५१ अर्ब ९ करोडको लेखापरीक्षणबाट रु.४३ अर्ब ९० करोड (४.१८ प्रतिशत) बेरुजु देखिएको छ । सोको अतिरिक्त सार्वजनिक संस्था ९३ को रु.३१ खर्ब ५५ अर्ब ९३ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। संगठित संस्थाको लेखापरीक्षणको लागि परामर्श उपलब्ध गराएका ३१ संस्थाको रु.११ खर्ब ५२ अर्ब ७६ करोडको बाँकी पृष्ठ २२ मा

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

वार्षिक प्रतिवेदन खण्ड

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

महालेखापरीक्षकको ५९औँ वार्षिक प्रतिवेदन पेश



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूसमक्ष ५९औँ वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल ।

२९ असार, २०७९

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू समक्ष माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले नेपालको संविधानको धारा २४१ अनुसार आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४(१) बमोजिम महालेखापरीक्षकको ५९ औँ वार्षिक प्रतिवेदन, २०७९ राष्ट्रपति भवन, शीतल निवासमा पेश गर्नुभएको छ ।

नेपालको संविधानको धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा ७ वटै प्रदेशको अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेश गरिएको छ। त्यसैगरी यस वर्ष ७५३ स्थानीय तहमध्ये ७४४ र विगत आर्थिक वर्षहरुको बक्यौता रहेका ५५ सहित ७९९ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम सम्बन्धित स्थानीय तहमा छुट्टाछुट्टै लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएका छन् । महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदनमा समावेश ६ परिच्छेद अन्तर्गत लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति, लेखापरीक्षणबाट देखिएका समान व्यहोरा, लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई समावेश गरिएको छ। कोभिड- १९ को बारेमा विशेष लेखापरीक्षण गरी छुट्टै प्रतिवेदन तयार गरिएको छ ।



सम्माननीय राष्ट्रपतिज्यूसमक्ष ५९ औं वार्षिक प्रतिवेदन पेश गरे पश्चात् माननीय महालेखापरीक्षक, उप-महालेखापरीक्षक र नायब महालेखापरीक्षक

महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदनमा उल्लेख भएका प्रमुख व्यहोरा तथा तथ्यांक

• समष्टिगत लेखापरीक्षण स्थिति

लेखापरीक्षण गरिएका निकाय र विषय		संख्या	(रू. करोडमा)
(क) वित्तीय लेखापरीक्षण			
१. संघीय मन्त्रालय तथा निकाय (बक्यौता ४८ समेत)		३२८७	२८२०३८
२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत)		११३१	२९९५७
३. स्थानीय तह (बक्यौता ५५ समेत)		७९९	१०५११०
४. समिति र अन्य संस्था (प्रदेशतर्फको ७८ समेत)		४४८	२०६११
५. संगठित संस्था		९३	३१५५९३
(ख) कार्यमूलक लेखापरीक्षण	६	-	-
(ग) परिपालना लेखापरीक्षण	१	-	
(घ) वातावरणीय लेखापरीक्षण	१	-	-
(ङ) विशेष लेखापरीक्षण	१	-	-
(च) सूचना प्रविधि लेखापरीक्षण	३		-
जम्मा		५७५८	७५३३०९

यो वर्ष ३ हजार २८७ संघीय मन्त्रालय तथा निकायको रू.२८ खर्ब २० अर्ब ३८ करोड र प्रदेश मन्त्रालय तथा निकाय १ हजार १३१ को रू.२ खर्ब ९९ अर्ब ५७ करोड, स्थानीय तह ७५३ मध्ये ७४४ र गत वर्षको बक्यौता ५५ समेत ७९९ को रू.१० खर्ब ५१ अर्ब १० करोड, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानसमेत ४४८ को रू.२ खर्ब ६ अर्ब ११ करोड र संगठित संस्था ९३ को रू.३१ खर्ब ५५ अर्ब ९३ करोडसमेत रू.७५ खर्ब ३३ अर्ब ९ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय लेखापरीक्षणको अतिरिक्त ६ विषयको कार्यमूलक, १ विषयको परिपालना, १ विषयको वातावरणीय, १ विषयको विशेष लेखापरीक्षण र ३ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ । त्यसैगरी कोभिड-१९ को रोकथाम र नियन्त्रण एवं सोबाट समग्रमा परेको प्रभाव बारे अध्ययन गरिएको छ ।

• सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

१. **सरकारी बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७५।७६ र २०७६।७७ को यथार्थ खर्च तथा २०७७।७८ को संघीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रू. लाखमा)

शीर्षक/क्षेत्र	२०७५।७६ को यथार्थ खर्च	२०७६।७७ को यथार्थ खर्च	२०७७।७८ को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	७१६४१७६	७८४१४८९	९४८९४०६	८४६२१७३	८९.१७
पुँजीगत खर्च	२४१५६२५	१८९०८४७	३५२९१७५	२२८८३६१	६४.८४
वित्तीय व्यवस्था (साँवा व्याज भुक्तानी)	१५२४७७०	११७९०१६	१७२७८७३	१२१६२२६	७०.३९
जम्मा	**१११०४५७१**	**१०९११३५२**	**१४७४६४५४**	**११९६६७६०**	८१.१५

***द्रष्टव्यः** स्वास्थ्य शिक्षातर्फको प्रदेश तथा स्थानीय तहबाट हस्तान्तरण भई हुने खर्च समावेश छैन ।*

२. **स्रोतगत खर्च -** संघीय सरकारको २०७५।७६ र २०७६।७७ को यथार्थ खर्च तथा २०७७।७८ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रू. लाखमा)

स्रोत	२०७५।७६ को यथार्थ खर्च	२०७६।७७ को यथार्थ खर्च	२०७७।७८ को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	९६३१८६०	९५१४३०७	१११४६१८४	९८४५९७३	३.४९
वैदेशिक अनुदान	२२८९८६	२३२१५७	६०५२७७	३६४८१३	५७.१४
वैदेशिक ऋण	१२४३७२५	११६४८८८	२९९४९९३	१७५५९७४	५०.७४
जम्मा	**१११०४५७१**	**१०९११३५२**	**१४७४६४५४**	**११९६६७६०**	**९.६७**

यो वर्ष नेपाल सरकारको स्रोत तर्फको खर्च रू.९ खर्ब ८४ अर्ब ५९ करोडमध्ये राजस्वबाट रू.८ खर्ब ६८ अर्ब ६० करोड (८८.२२ प्रतिशत) व्यहोरेको छ । त्यसैगरी यो वर्ष वैदेशिक अनुदानतर्फ १९ निकायअन्तर्गत रू.६० अर्ब ५३ करोड प्राप्त हुने अनुमान गरेकोमा रू.३६ अर्ब ४८ करोड (६०.२७ प्रतिशत) प्राप्त भएको र वैदेशिक ऋणतर्फ १८ निकायअन्तर्गत रू.२ खर्ब ९९ अर्ब ५० करोड प्राप्त

३. **राजस्व असुली** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको राजस्वको स्रोतअनुसार २०७५।७६ र २०७६।७७ को यथार्थ असुली तथा २०७७।७८ को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार छः

(रू.लाखमा)

विवरण	२०७५।७६ को यथार्थ असुली	२०७६।७७ को यथार्थ असुली	२०७७।७८ को		
			अनुमान	असुली	प्रतिशत
कुल राजस्व	८४२७४१०	७५५५७५२	८८९६१८४	८६८६०२९	९७.६४
१. कर राजस्व	७३७२७२६	६१३३९०५	७९०८०९०	७६१०५६६	९६.२४
२. अन्य राजस्व (गत वर्षको नगद मौज्दात र बेरुजुसमेत)	१०२४०२३	१३९६७५७	९८८०९४	१०४३२२८	१०५.५८
३. साँवा फिर्ता	३०६६१	२५०९०	-	३२२३५	-

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली १४.९६ प्रतिशतले घटेको देखिन्छ । आर्थिक वर्ष २०७७।७८ को असुलीमा गत वर्षको नगद मौज्दात र बेरुजु दाखिला भएको रू.४ अर्ब ४३ करोड ३० लाख समेत समावेश छ । बजेट अनुमान नगरेको साँवा फिर्ताबाट रू.३ अर्ब २२ करोड प्राप्त भएको छ।

• लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति

१. **बेरुजु** - यो वर्ष संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजु रू.१ खर्ब १५ अर्ब ५ करोड ५० लाख रहेको छ । सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रू. लाखमा)

वर्गीकरण	संघीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	२६३७४९	७०२२	५९८०९	६८९९	३३७४७९	२९.३३
२. नियमित गर्नुपर्ने	१८८०३५	५५०५०	३२८२६१	१२४७९७	६९६१४३	६०.५१
२.१ अनियमित भएको	५२१७७	१६४५२	११७०६२	२१४५३	२०७१४४	१८.०
२.२ प्रमाण कागज पेस नभएको	१३४२२०	३८५९६	२१०९७६	१०२८०१	४८६५९३	४२.२९
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	०.०
२.४ शोधभर्ना नलिएको	१६३८	२	२२३	५४३	२४०६	०.२२
३. पेस्की	४२९२३	१२७३९	५१०२५	१०२४१	११६९२८	१०.१६
जम्मा बेरुजु	४९४७०७	७४८११	४३९०९५	१४१९३७	११५०५५०	१००

द्रष्टव्यः १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन ।
२. संगठित संस्थाहरूको लेखापरीक्षणबाट देखिएको बेरुजुको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।

२. **लेखापरीक्षण एवं बेरुजु अङ्क** - यो वर्ष ५ हजार ६६५ निकायको रु.४३ खर्ब ७७ अर्ब १७ करोड १६ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण सम्पन्न गरिएका निकाय र विषयगत अवस्था निम्नानुसार छः

(रू. लाखमा)

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम	बेरुजु	बेरुजु प्रतिशत
१. संघीय मन्त्रालय तथा निकाय (वक्यौता ४८ समेत)	३२८७	२८२०३७९८	४९४७०७	१.७५
२. प्रदेश मन्त्रालय तथा निकाय (वक्यौता १२ समेत)	११३१	२९९५७०७	७४८११	२.५०
३. स्थानीय तह (वक्यौता ५५ समेत)	७९९	१०५१०९९०	४३९०९५	४.१८
४. समिति र अन्य संस्था	४४८	२०६१२२१	१४१९३७	६.८९
जम्मा	५६६५	४३७७१७१६	११५०५५०	२.६३

• **अद्यावधिक बेरुजु** - संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रू.४ खर्ब ८३ अर्ब ५९ करोड ६४ लाख रहेको छ । अद्यावधिक बेरुजु गत वर्ष भन्दा १५.४६ प्रतिशतले बढेको छ ।

(रू. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
संघीय सरकारी कार्यालय	२३२५३७१	३३	३४८७३०	१९७६६७४	४९४७०७	२४७१३८१
प्रदेश सरकारी कार्यालय	१२४७९०		१६८९०	१०७९००	७४८११	१८२७११
स्थानीय तह	१०३०३७७	(३६१)	१०५८८७	९२४१२९	४३९०९५	१३६३२२४
अन्य संस्था समिति (प्रदेश समेत)	७०७९६७		३१२५६	६७६७११	१४१९३८	८१८६४९
जम्मा	४१८८५०५	(३२८)	५०२७६३	३६८५४१४	११५०५५१	४८३५९६५

यो वर्ष संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति तथा अन्य संस्थासमेतको रू.७५ खर्ब १७ अर्ब ९५ करोडको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रू.१ खर्ब २७ अर्ब १९ करोड ४० लाख बेरुजु देखिएको छ । सोमध्ये प्रतिवेदन

अवधिसम्म रू.१२ अर्ब १३ करोड ९० लाख (कुल बेरुजुको ९.५४ प्रतिशत) सम्परीक्षण गराएबाट रू.१ खर्ब १५ अर्ब ५ करोड ५१ लाख बेरुजु फर्स्यौट हुन बाँकी रहेको छ । यो वर्षसम्म फर्स्यौट गर्न बाँकी कुल बेरुजु रू.४ खर्ब ८३ अर्ब ५९ करोड ६५ लाख छ।

३. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.३ खर्ब ४५ अर्ब ५६ करोड ३ लाख रहेको छ । उक्त रकम गतवर्ष भन्दा ३४.१७ प्रतिशत बढेको छ।

(रू. लाखमा)

क्र.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप /घट	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (प्रदेश समेत)	१८१९३५	(११२३२७)	६९६०८
२	राजस्व बक्यौता	२१५५६८७	९७०४१९	३१२६१०६
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	९०१३६	२५५६२	११५६९८
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	१२७३४३	(३६५२)	१२३६९१
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५००	०	२०५००
	जम्मा	२५७५६०१	८८०००२	३४५५६०३

उक्त रकममा अद्यावधिक बेरुजु रू.४ खर्ब ८३ अर्ब ५९ करोड ६५ लाख थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.८ खर्ब २९ अर्ब १५ करोड ६८ लाख पुगेको छ ।

४. संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने मन्त्रालय निम्नानुसार छन्:

(रू. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	२१७७२९७३	१२४८५२	७४४०५	१३	१९९२७०	४०.२८	०.९२
२	भौतिक पूर्वाधार तथा यातायात	१२०७४५३	२४१७६	२९५३८	१९९५	५५७०९	११.२६	४.६१
३	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	१२००३५०	३७४६२	९८३२	२१०	४७५०४	९.६०	३.९६
४	सञ्चार तथा सूचना प्रविधि	१५३८८५	३६५३१	१९२०	२९५	३८७४६	७.८३	२५.१८
५	कृषि तथा पशुपन्छी विकास	२२०८७८	२९००५	४८०६	४८१	३४२९२	६.९३	१५.५३
६	स्वास्थ्य तथा जनसंख्या	३६४५६९	१६९७	४४८९	६०४२	१२२२८	२.४७	३.३५
७	रक्षा	७४३७६८	२०१८	१६६०	७२४८	१०९२६	२.२१	१.४७
८	शिक्षा, विज्ञान तथा प्रविधि	२५२९३९	२८	१०६७१	६०	१०७५९	२.१७	४.२५
९	राष्ट्रिय पुनर्निर्माण प्राधिकरण	५४३८१५	४२७	९३७९	८६७	१०६७३	२.१६	१.९६
९	उद्योग, वाणिज्य तथा आपूर्ति	७८१३८	३३९	९५६१	२९	९९२९	२.०१	१२.७१
१०	गृह	८३४२८६	९५	२४४४	६६८३	९२२२	१.८६	१.११
११	अन्य	८३०७४५	७११९	२९३३०	१९०००	५५४४९	११.२२	६.६७
	जम्मा	२८२०३७९९	२६३७४९	१८८०३५	४२९२३	४९४७०७	१००	१.७५

• प्रदेशगत लेखापरीक्षण र बेरुजुको स्थिति

बेरुजु : प्रदेश सरकार मातहतका सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको २०७७।७८ को लेखापरीक्षण रकम र बेरुजू अङ्क निम्नानुसार रहेको छः

(रू. लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएको कार्यालय संख्या	लेखापरीक्षण रकम	कुल बेरुजू रकम	पेस्की बाहेक बेरुजू रकम	बेरुजू प्रतिशत
प्रदेश नं.१	२०२	४५५९१८	१६२८६	१४८१८	३.५६
मधेश	१३९	३९२८८६	२१३०६	१७८८५	५.४२
वाग्मती	१९९	६८३०८०	१०९४४	८५०८	१.६०
गण्डकी	१६७	४०५५५४	५१५४	४३३२	१.२७
लुम्बिनी	१८८	५४३८४६	६४२२	६२२२	१.१८
कर्णाली	१५१	३१०८९०	१६०१८	१४१५४	५.१५
सुदूर पश्चिम	१६३	३५४९७९	७७२१	४८४२	२.१८
जम्मा	१२०९	३१४७१५३	८३८५१	७०७६१	२.६६

उपर्युक्त तालिकाअनुसार सबभन्दा बढी बेरुजू मधेश प्रदेशको ५.४२ प्रतिशत र सबैभन्दा कम बेरुजू लुम्बिनी प्रदेशको १.१८ प्रतिशत रहेको छ ।

- **अद्यावधिक बेरुजू** - प्रदेश सरकार मातहत सरकारी कार्यालय, अन्य संस्था र समितितर्फको गत वर्षसम्मको बाँकी बेरुजू रू.१२ अर्ब ९९ करोड १३ लाख रहेकोमा सम्परीक्षणबाट रू.१ अर्ब ७२ करोड ४६ लाख फर्स्यौट भई रू.११ अर्ब २६ करोड ६७ लाख बाँकी रहेको र यो वर्ष रू.८ अर्ब ३८ करोड ५१ लाख थप भई अद्यावधिक बेरुजू रू.१९ अर्ब ६५ करोड १८ लाख रहेको छ। सो रकममा रू.४ अर्ब १० करोड ७ लाख पेस्की रहेको छ । यससम्बन्धी प्रदेशगत विवरण देहायबमोजिम छः

(रू. लाखमा)

प्रदेश	गत सम्मको बाँकी	सम्परिक्षण	बाँकी	यो वर्षको थप	चौथो प्रतिवेदन सम्मको बाँकी	बेरुजू बाँकीमध्ये पेस्की
प्रदेश नं.१	२५१४३	३३९६	२१७४७	१६२८६	३८०३३	६९८६
मदेश	३६८९२	१३६३	३५५२९	२१३०६	५६८३५	१२१९३
वागमती	१३८५०	१५८९	१२२६१	१०९४४	२३२०५	४६२०
गण्डकी	१५३९७	२६५३	१२७४४	५१५४	१७८९८	७०७६
लुम्बिनी	१३२१२	२५६६	१०६४६	६४२२	१७०६८	९१७
कर्णाली	१३११६	११४७	११९६९	१६०१८	२७९८७	५४५९
सुदूर पश्चिम	१२३०३	४५३२	७७७१	७७२१	१५४९२	३७५६
जम्मा	१२९९१३	१७२४६	११२६६७	८३८५१	१९६५१८	४१००७

• स्थानीय तहको लेखापरीक्षण र बेरुजुको स्थिति

देशभरिका ७५३ स्थानीय तहमध्ये यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ७४४ स्थानीय तहको लेखापरीक्षण रकम र बेरूजू स्थिति निम्नानुसार रहेको छः

(रू. लाखमा)

प्रदेश नं.	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत
प्रदेश नं.१	१३७	१६५४३५४	६९२१५	५२१३	४१८
मधेश	१२८	१५५६४४९	१३६३३७	१३५६१	८.७६
वागमती	११९	२१०९७२३	७३३८८	११६८२	३.४८
गण्डकी	८५	१०३४७०१	२३५३१	२४८५	२.२७
लुम्बिनी	१०९	१६१८१३२	४३९७६	४६२५	२.७२
कर्णाली	७८	८६८०४२	३४८३५	५६९३	४.०१
सुदूरपश्चिम	८८	१०९४५३०	३०६९८	४६९७	२.८०
जम्मा:	७४४	९९३५९३१	४११९८०	४७९५६	४.१५

माथिको तथ्याङ्कबाट लेखापरीक्षण अङ्कको तुलनामा सबै भन्दा बढी मधेश प्रदेशमा ८.७६ प्रतिशत र सबैभन्दा कम गण्डकी प्रदेशमा २.२७ प्रतिशत बेरुजू देखिएको छ । त्यसैगरी स्थानीय तहको वर्गिकरणका आधारमा लेखापरीक्षण रकम तथा बेरूजू स्थिति यस प्रकार रहेको छः

(रू. लाखमा)

स्थानीय तह	लेखापरीक्षण गरिएको स्थानीय तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत
महानगरपालिका	६	६०५०१२	३७०६३	५५६०	६.१३
उपमहानगरपालिका	११	४२५९०५	१७९८३	२११०	४.२२
नगरपालिका	२७३	४४९१६५६	१९४३०७	२४४५२	४.३३
गाउँपालिका	४५४	४४१३३५८	१६२६२७	१५८३४	३.६८
जम्मा	७४४	९९३५९३१	४११९८०	४७९५६	४.१५

पालिकाको अवस्था विश्लेषण गर्दा महानगरपालिकाहरुमा लेखापरीक्षण अङ्कको तुलनामा ६.१३ प्रतिशत र गाउँपालिकामा ३.६८ प्रतिशत बेरुजू देखिएको छ ।

महानगरपालिका तर्फः

यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ६ महानगरपालिकाको लेखापरीक्षण रकम तथा बेरूजू स्थिति निम्नानुसार रहेको छः

(रू. लाखमा)

क. सं.	महानगरपालिका	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत
१	विराटनगर	४२९५२	७११५	६१७	१६.५७
२	वीरगञ्ज	७७८४२	७६२८	१३३	९.८०
३	ललितपुर	६८७३५	५५४०	२७७२	८.०६
४	काठमाडौं	१९७७६०	१०६७४	१५०६	५.४०
५	पोखरा	१०२१४६	५४६१	१७९	५.३५
६	भरतपुर	११५५७६	६४५	३५३	०.५६
जम्मा		६०५०११	३७०६३	५५६०	६.१३

उल्लिखित विवरण अनुसार लेखापरीक्षणको तुलनामा विराटनगरमा बढी र भरतपुरमा घटी बेरुजू देखिएको छ ।

उप-महानगरपालिका तर्फः

यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ११ उप महानगरपालिकाको लेखापरीक्षण रकम तथा बेरूजू स्थिति यस प्रकार रहेको छः

(रू. लाखमा)

क्र.सं.	उपमहानगरपालिका	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत	पेश्की बाहेक बेरूजू प्रतिशत
१	जनकपुरधाम	३६४४८	३३७४	५२३	९.२६	७.८२
२	जीतपुरसिमरा	३४५८२	२४०५	२३५	६.९५	६.२७
३	इटहरी	३२१५२	२२१५	४२	६.८९	६.७६
४	कलैया	२८८९४	१२५७	५	४.३५	४.३३
५	तुल्सीपुर	४०९५१	१७३७	१९	४.२४	४.२०
६	धरान	३२१९३	१२४०	६२	३.८५	३.६६
७	घोराही	४०२५०	१३७४	३	३.४१	३.४१
८	हेटौंडा	४९५२९	१५७१	१०६५	३.१७	१.०२
९	बुटवल	४३५३४	११८९	९४	२.७३	२.५२
१०	धनगढी	४१७३६	१०५२	१२	२.५२	२.४९
११	नेपालगञ्ज	४५६३६	५६९	५०	१.२५	१.१४
	जम्मा	४२५९०५	१७९८३	२११०	४.२२	३.७३

उप-महानगरपालिका ११ मध्ये सबभन्दा बढी बेरुजू जनकपुरधामको ७.८२ प्रतिशत र सबभन्दा कम नेपालगन्जको १.१४ प्रतिशत रहेको छ ।

नगरपालिका तर्फः

यो वर्ष लेखापरीक्षण सम्पन्न भएका २७३ नगरपालिकाको लेखापरीक्षण रकम तथा बेरूजू स्थिति यस प्रकार रहेको छः

(रू. लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएको नगरपालिका तह संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत	पेश्की बाहेक बेरूजू प्रतिशत
प्रदेश नं १	४६	७५२८४७	२९४४१	२८१५	३.९१	३.५४
मधेश	७१	९३८९८९	८६११६	९०६७	९.१७	८.२१
बागमती	४१	८८८९१४	२६२८७	४१२३	२.९६	२.४९
गण्डकी	२६	४२५५१२	८८७८	१४९५	२.०९	१.७४
लुम्बिनी	३२	६०२९५९	१४१३१	१६३२	२.३४	२.०७
कर्णाली	२४	३६५२४२	१३३४१	२६९३	३.६५	२.९२
सुदूरपश्चिम	३३	५१७१९३	१६११३	२६२७	३.१२	२.६१
जम्मा	२७३	४४९१६५६	१९४३०७	२४४५२	४.३३	३.७८

गाउँपालिका तर्फः

यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ४५४ गाउँपालिकाको चालु वर्षको र ४० गाउँपालिकाको वक्यौतातर्फको लेखापरीक्षण रकम तथा बेरूजू स्थिति यस प्रकार रहेको छः

(रू. लाखमा)

प्रदेश	लेखापरीक्षण गरिएको गाउँपालिका संख्या	लेखापरीक्षण रकम	म्याद नाघेको पेश्कीसमेत बेरूजू	बेरूजूमध्ये पेश्की रकम	लेखापरीक्षणको तुलनामा बेरूजू प्रतिशत
प्रदेश नं.१	८८	७९४२१०	२९२०३	१६७८	३.६८
मधेश	५३	४३९६९३	३५५५८	३५९७	८.०९
बागमती	७४	७८९२१०	२८६७०	१८६२	३.६३
गण्डकी	५८	५०७०४३	९१९३	८११	१.८१
लुम्बिनी	७३	८४४८०२	२४९७६	२८२८	२.९६
कर्णाली	५४	५०२८००	२१४९४	३०००	४.२७
सुदूरपश्चिम	५४	५३५६००	१३५३४	२०५८	२.५३
जम्मा	४५४	४४१३३५८	१६२६२७	१५८३४	३.६८

उपर्युक्त तालिका अनुसार गाउँपालिका तर्फ सबैभन्दा बढी बेरुजू मधेश प्रदेशको ८.०९ प्रतिशत र सबभन्दा कम गण्डकी प्रदेशको १.८१ प्रतिशत रहेको छ ।

बेरुजु सम्परीक्षणः आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षणबाट रू.१ खर्ब २७ अर्ब १९ करोड ४० लाख बेरुजु देखिएकोमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ बमोजिम बक्यौतासमेत यस वर्ष लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएको ३५ दिनभित्र रू.१२ अर्ब १३ करोड ९० लाख फर्स्यौट गरेकोले देहायबमोजिम रू.१ खर्ब १५ अर्ब ५ करोड ५० लाख फर्स्यौट हुन बाँकी रहेको छः

(रू. लाखमा)

विवरण/इकाइ	प्रारम्भिक प्रतिवेदन		प्रतिक्रियाबाट फर्स्यौट		यस वर्षको फर्स्यौट हुन बाँकी	
	दफा	रकम	दफा	रकम	दफा	रकम
संघीय सरकारी कार्यालय	२४११४	५४२८८४	३०१	४८१७७	२३८१३	४९४७०७
प्रदेश सरकारी कार्यालय	६९९५	९४२१४	२१७	१९४०४	६७७८	७४८११
स्थानीय तह	५९७४७	४५४९५२	१९५३	१५८५७	५७७९४	४३९०९५
अन्य संस्था समिति (प्रदेश समेत)	३५३६	१७९८९०	७९	३७९५२	३४५७	१४१९३७
जम्मा	९४३९२	१२७१९४०	२५५०	१२१३९०	९१८४२	११५०५५०

अद्यावधिक बेरुजु - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा लेखापरीक्षणबाट औल्याइएका बेरुजुका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी वा गराइ वा असुलउपर गरी र लेखा उत्तरदायी अधिकृतले जाँचबुझ गराइ बेरुजु फर्स्यौट गर्नुपर्ने व्यवस्था छ । यसरी बेरुजु फर्स्यौट भएपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गर्नुपर्ने व्यवस्थाअनुसार आर्थिक वर्ष २०६०।६१ देखिको बेरुजु फर्स्यौट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रू. लाखमा)

विवरण	विगतको बेरुजु	समायोजनबाट थप (घट)	फर्स्यौट तथा सम्परीक्षण	विगतको खुद बाँकी	चालू वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
संघीय सरकारी कार्यालय	२३२५३७१	३३	३४८७३०	१९७६६७४	४९४७०७	२४७१३८१
प्रदेश सरकारी कार्यालय	१२४७९०	-	१६८९०	१०७९००	७४८११	१८२७११
स्थानीय तह	१०३०३७७	(३६१)	१०५८८७	९२४१२९	४३९०९५	१३६३२२४
अन्य संस्था समिति (प्रदेश समेत)	७०७९६७	-	३१२५६	६७६७११	१४१९३७	८१८६४८
जम्मा	४१८८५०५	(३२८)	५०२७६३	३६८५४१४	११५०५५०	४८३५९६४

सम्पादकीय....

बेरुजु देखिएको छ भने ५८ औं वार्षिक प्रतिवेदन अनुसार ५ हजार ४ सय ६२ निकायको रु.५३ खर्ब २७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न हुँदा रु.१ खर्ब ४ अर्ब ३८ करोड (१.९६ प्रतिशत) बेरुजु कायम भएको देखिन्छ । यसरी ५ वर्षको अवधिमा लेखापरीक्षण अंकको तुलनामा बेरुजुको दरमा क्रमशः कमी आएको देखिन्छ । महालेखापरीक्षकको ५८ औं र ५९ औं प्रतिवेदनमा पेश्की रकमलाई बेरुजुमा गणना नगर्दा र कोभिड महामारीको कारणबाट बजेटको कार्यान्वयनमा शिथिलता हुँदा बेरुजु दर केही घटेको देखियो । महालेखापरीक्षकका विगत ५ वर्षका प्रतिवेदनका व्यहोराहरु विश्लेषण गर्दा स्रोत परिचालन तर्फ करको दायरा बढ्न नसकेको, आयातमाथिको राजस्वको निर्भरता कायम रहेको, भन्सार मूल्यांकन यथार्थपरक हुन नसकेको, मूल्यअभिवृद्धि करमा क्रेडिट रिटर्न बढेको तथा डेबिट रिटर्न घट्दै गएको, कर छुटको अनुगमन प्रभावकारी हुन नसकेको, राजस्व चुहावट नियन्त्रण प्रभावकारी नदेखिएको, प्रतिवद्धता अनुरुप वैदेशिक सहायता प्रशोचन क्षमतामा सुधार आउन नसकेको जस्ता विषयहरु वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ । त्यसैगरी बजेट व्यवस्थापनमा योजना, कार्यक्रम र वार्षिक बजेटवीच कमजोर आवद्धता, वर्षान्तमा रकमान्तर गर्ने तथा बजेट अवण्डा राख्ने प्रवृत्तिले बजेट अनुशासन कमजोर देखिएको, राष्ट्रिय बजेट प्रणाली भन्दा बाहिरबाट बजेट कार्यान्वयन हुने गरेको, सबै प्रकारका वैदेशिक सहायतालाई बजेट प्रणालीमा ल्याउन नसकेको विषयहरु रहेका छन् । योजना तर्जुमा, कार्यान्वयन र विकास व्यवस्थापन तर्फ आयोजना प्राथमिकीकरण वस्तुनिष्ठ नभएको, राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति अत्यन्त न्यून रहेको, पूर्व तयारी विनानै आयोजनाहरु बजेटमा समावेश गर्ने गरेको, योजना समयमा सम्पन्न नहुने तथा लागत र समय बढी लाग्ने गरेको, परामर्श खर्च बढ्दै गएको, अनुत्पादक खर्च र संरचनाहरुको नियन्त्रण कायम हुन नसकेको, आयोजना बैंक प्रभावकारी नदेखिएको, पूँजीगत खर्च बढ्न नसकेको, जटिल प्रकारका निर्माण कार्य उपभोक्ताबाट गराएको, खरिद कानूनको पालना कमजोर देखिएको, विकास निर्माणको गुणस्तर कायम हुन नसकेको, कमजोर अनुगमन तथा मूल्यांकन र अन्तर निकाय समन्वय रहेको जस्ता विषयहरु उल्लेख गरिएको छ । त्यसैगरी सार्वजनिक सम्पत्तिको अभिलेखांकन, खरिदमा प्रतिष्पर्धा र त्यसको संरक्षण, उपयोग, मर्मत सम्भार व्यवस्थित हुन नसकेको साथै सार्वजनिक संस्थानहरुको उद्देश्य अनुरुप वस्तु तथा सेवा प्रदान गर्दै स्वायत्त, व्यावसायिक ढंगबाट नतिजान्मुख कार्यसञ्चालन सञ्चालन हुन नसकेको उल्लेख गरिएको छ । त्यसैगरी अनौपचारिक अर्थतन्त्रमाथि नियन्त्रण कायम हुन नसकेको, आयातको तुलनामा निर्यात बढ्न नसकेको, सरकारको ऋण तथा दायित्व बढ्दै गएको, आन्तरिक तथा बाह्य स्थायित्व संहालिन नसकेको, सेवा प्रवाहमा समय, लागत, दुरी घटाउँदै नागरिक सन्तुष्टि अभिवृद्धि हुन नसकेको, प्रशासन सुधारका सुझावको नतिजामुखी कार्यान्वयन हुन नसकेको, संघीयताको कार्यान्वयन प्रभावकारी हुन नसकेको, प्रदेश र स्थानीय सरकारहरुको स्वायत्तता एवं आत्मनिर्भरता हासिल हुन नसकेको, कर्मचारी समायोजनको विवाद कायमै रहेको, आन्तरिक नियन्त्रण तथा आन्तरिक लेखापरीक्षण प्रभावकारी नदेखिएको जस्ता विषयहरु निरन्तर वार्षिक प्रतिवेदनमा दोहोरिएको पाईन्छ । यसरी हरेक लेखापरीक्षण वार्षिक प्रतिवेदनमा बारम्बार एउटै विषय दोहोरिनुमा यसको कार्यान्वयन पक्ष कमजोर रहनु नै हो । तसर्थ जबसम्म लेखापरीक्षणको वार्षिक प्रतिवेदनले औल्याएका विषयहरुको कार्यान्वयनमा सम्वन्धित सार्वजनिक निकाय वा पदाधिकारीको पर्याप्त ध्यान पुग्दैन तवसम्म लेखापरीक्षणको नतिजाले सार्थक महत्व राख्न सक्दैन ।

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक जवाफदेहिता

स्रोत परिचालन

- करको दायरा विस्तार हुन नसकेको,
- आयातमा निर्भर राजस्व संरचना रहेको,
- राजस्व परिचालन न्यून रहेको,
- मूल्य अभिवृद्धि कर क्रेडिट बढेको, डेबिट घटेको,
- राजस्व चुहावट नियन्त्रण प्रभावकारी हुन नसकेको,
- भन्सार विन्दुमा मालवस्तुको मूल्याङ्कन यथार्थपरक नभएको,
- राजस्व छुट अनुगमन प्रभावकारी हुन नसकेको,
- प्रतिवद्धता अनुरुप वैदेशिक सहायता प्राप्त नभएको,
- प्रत्यक्ष वैदेशिक लगानी बढ्न नसकेको ।

योजना तर्जुमा र कार्यान्वयन

- आयोजनाको प्राथमिकीकरण वस्तुनिष्ठ हुन नसकेको,
- राष्ट्रिय गौरवका आयोजनाको प्रगति न्यून रहेको,
- आयोजना वैङ्क प्रभावकारी रुपमा कार्यान्वयन नभएको,
- पूर्वतयारी बेगरका आयोजनाहरू बजेटमा समावेश गरेको,
- परामर्शतर्फ ठूलो धनराशी खर्च हुने गरेको र परनिर्भरता बढेको,
- योजनाहरू समयमै सम्पन्न नहुँदा समय र लागतमा वृद्धि हुने गरेको,
- आयोजनाको अनुगमन र मूल्याङ्कन नतिजामुखी नभएको ।

बजेट तर्जुमा र कार्यान्वयन

- योजना, कार्यक्रम र वार्षिक बजेटबीच तादाम्यता हुन नसकेको,
- वर्षान्तमा रकमान्तर गर्दा बजेट अनुशासन कमजोर रहेको,
- राष्ट्रिय बजेट प्रणाली बाहिर बजेट कार्यान्वयन हुने गरेको,
- वैदेशिक सहायता उपयोग पक्ष कमजोर रहेको,
- सबै वैदेशिक सहायता बजेटमा समावेश नगरेको र लेखापरीक्षण नगराएको,
- बजेट अवण्डा राखी खर्च गरेको,
- विभिन्न समिति, कोषमा रहेको रकम उपयोग हुन नसकेको ।

विकास निर्माण

- राष्ट्रिय निर्माण क्षमताको मापन हुन नसकेको,
- चालु खर्चको तुलानामा पुँजीगत खर्चतर्फ कम बजेट विनियोजन हुने गरेको,
- पुँजीगत बजेट खर्च न्यून हुने गरेको,
- प्रविधि तथा उपकरणको पर्याप्त उपलब्धता नरहेको,
- अन्तरनिकाय समन्वयको अभावले विकास निर्माण लागत प्रभावी नभएको,
- सार्वजनिक खरिद कानुनको परिपालना हुन नसकेको,
- उपभोक्ता समितिबाट जटिल, प्राविधिक कार्य गराएको,
- पूर्वाधार निर्माणमा गुणस्तर कमजोर रहेको ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

- सार्वजनिक सम्पत्तिको एकीकृत अभिलेख व्यवस्थित नरहेको,
- सार्वजनिक सम्पत्ति अतिक्रमण नियन्त्रण हुन नसकेको,
- मूल्यवान उपकरणहरुको मर्मत सम्भार नहुँदा सञ्चालन हुन नसकेको,
- सार्वजनिक सम्पत्तिहरुको उच्चतम उपयोग हुन नसकेको,
- सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा सबै सम्पत्तिको विवरण प्रविष्टि नभएको,
- सार्वजनिक सम्पत्ति लिज तथा पट्टामा दिँदा प्रतिष्पर्धात्मक र पारदर्शी हुन नसकेको।

सार्वजनिक संस्थान सञ्चालन

- सम्पत्ति, शेयर तथा ऋण लगानीको हिसाब अद्यावधिक र यथार्थपरक नरहेको,
- संस्थानको निर्णयमा पूर्ण स्वायत्तता नरहेको,
- सार्वजनिक संस्थानको संगठन संरचना छरितो नभएको,
- सार्वजनिक संस्थानका कर्मचारीको सेवासुविधामा विविधता रहेको,
- संस्थान सञ्चालनमा व्यवसायिकता हुन नसकेको,
- निजिकरण गरिएका संस्थान उद्देश्य अनुरूप सञ्चालन नभएको ।

अर्थतन्त्र

- मुद्रास्फिती वाञ्छित सीमाभित्र रहन नसकेको,
- आर्थिक वृद्धिदर न्यून रहेको,
- विदेशी मुद्रा सञ्चितिमा ह्रास हुँदै गएको,
- आयातको तुलनामा निर्यात बढ्न नसकेको,
- कुल लगानी र राष्ट्रिय बचत वृद्धि हुन नसकेको,
- आन्तरिक एवं वैदेशिक ऋणको भार बढ्दै गएको,
- कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको हिस्सा अधिक रहेको,
- अनौपचारिक अर्थतन्त्र नियन्त्रण हुन नसकेको ।

सार्वजनिक प्रशासन र सुशासन

- प्रशासन सुधारका सुझावहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको,
- सार्वजनिक प्रशासन नतिजामूखी हुन नसकेको,
- सेवा प्रवाहमा समय, दूरी र लागत घटाई भरपर्दो र विश्वसनीय बनाउन नसकिएको,
- सार्वजनिक निकायको संरचना र कार्यक्षेत्रमा दोहोरोपना रहेको,
- गुनासो सुनुवाईमा विद्युतीय माध्यमको प्रभावकारी प्रयोग हुन नसकेको,
- पुरस्कार र दण्ड पद्धति प्रभावकारी हुन नसकेको,
- संघीय संरचना अनुरुप निजामती सेवा ऐन जारी हुन नसकेको ।

संघीयता कार्यान्वयन

- संविधानमा उल्लिखित साझा अधिकारका विषयमा स्पष्ट कानुन तर्जुमा हुन नसकेको,
- प्रदेश र स्थानीय तहको बजेट संघीय अनुदानमा निर्भर रहेको,
- तीन तहका निकायमा कार्यक्षेत्रगत दोहोरोपना र अन्तर तह समन्वयको अभाव रहेको,
- कर्मचारी समायोजनले पूर्णता नपाएको,
- अनुत्पादक खर्चमा नियन्त्रण नभएको,
- प्रदेश र स्थानीय तहका कानुन बमोजिमका स्पष्ट निर्देशिका, मार्गदर्शन बन्न नसकेको,
- प्रदेश तथा स्थानीय तहको आन्तरिक आय परिचालन प्रभावकारी हुन नसकेको ।

वित्तीय अनुशासन र नियमन

- आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको,
- वित्तीय प्रतिवेदनले यथार्थ चित्रण गर्न नसकेको,
- प्रोदभावी आधारको लेखा प्रणाली लागु गर्न पहल नगरेको,
- नेपाल वित्तीय प्रतिवेदनमान र नेपाल सार्वजनिक लेखामान पूर्ण कार्यान्वयन नगरेको,
- समयमै लेखापरीक्षण नगराउने पदाधिकारीलाई जवाफदेही बनाउन नसकेको,
- बेरुजु बढ्दै गएको र फर्स्यौटमा अपेक्षित तदारुकता नभएको,
- नियामक निकायको कार्यसम्पादन क्षमता अभिवृद्धि नभएको,
- वित्तीय संस्था लगायतका निकायको नियमन प्रभावकारी नभएको ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदनसँग सम्बन्धित तस्बीरहरु



महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदनका सन्दर्भमा सम्माननीय उपराष्ट्रपति श्री नन्दबहादुर पुनज्यूसँग माननीय महालेखापरीक्षकज्यूको भेटघाट पश्चात ।



महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदनका सन्दर्भमा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूसँग माननीय महालेखापरीक्षकज्यूको भेटघाट पश्चात ।



महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदनका सन्दर्भमा सम्माननीय कायममुकाम प्रधान न्यायाधीश श्री दीपककुमार कार्कीज्यूसँग माननीय महालेखापरीक्षकज्यूको भेटघाट पश्चात ।



महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदनका सन्दर्भमा सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाज्यूसँग माननीय महालेखापरीक्षकज्यूको भेटघाट पश्चात ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदनका सन्दर्भमा सम्माननीय राष्ट्रिय सभा अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाज्यूसँग माननीय महालेखापरीक्षकज्यूको भेटघाट पश्चात ।



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले ५९ औं वार्षिक प्रतिवेदनलाई अन्तिम रुप दिनुहुँदै ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले ५९ औं वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुहुँदै ।



माननीय महालेखापरीक्षकज्यूले ५९ औं वार्षिक प्रतिवेदनका मुख्य व्यहोराहरु सञ्चारकर्मी माझ प्रस्तुत गर्नुहुँदै ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदन सार्वजनिकिकरण कार्यक्रममा उपस्थित सञ्चारकर्मी तथा अन्य ।



माननीय महालेखापरीक्षकज्यूले ५९ औं वार्षिक प्रतिवेदनमा दस्तखत गर्नुहुँदै । साथमा उपमहालेखापरीक्षकज्यूहरु ।



माननीय महालेखापरीक्षकज्यूले ५९ औं वार्षिक प्रतिवेदनमा दस्तखत गर्नुहुँदै । साथमा नायब महालेखापरीक्षकज्यूहरु तथा अन्य ।



माननीय महालेखापरीक्षकज्यू सहित ५९ औं वार्षिक प्रतिवेदन सम्पादन समितिका कर्मचारीहरु ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



माननीय महालेखापरीक्षकज्यूले ५९ औं वार्षिक प्रतिवेदन अन्तर्गत् प्रदेश नं. १ को वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत गर्नुहुँदै । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



प्रदेश नं. १ का माननीय प्रदेश प्रमुख श्री परशुराम खापुङ्गसमक्ष प्रदेश नं. १ को लेखापरीक्षण प्रतिवेदन पेश गर्नु हुँदै नायब महालेखापरीक्षक श्री पदमप्रसाद आचार्य ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



माननीय महालेखापरीक्षकज्यूले ५९ औं वार्षिक प्रतिवेदन अन्तर्गत् मधेस प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत गर्नुहुँदै । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



मधेश प्रदेशका माननीय प्रदेश प्रमुख श्री हरिशंकर मिश्रज्यूसमक्ष मधेश प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री पदमराज पौडेल ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



माननीय महालेखापरीक्षकज्यूले ५९ औं वार्षिक प्रतिवेदन अन्तर्गत् वागमती प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत गर्नुहुँदै । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



वागमती प्रदेशका माननीय प्रदेश प्रमुख श्री यादव चन्द्र शर्माज्यूसमक्ष वागमती प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायव महालेखापरीक्षक श्री त्रिलोचन आचार्य ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



माननीय महालेखापरीक्षकज्यूले ५९ औं वार्षिक प्रतिवेदन अन्तर्गत् गण्डकी प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत गर्नुहुँदै । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख श्री पृथ्वीमान गुरुङज्यूसमक्ष गण्डकी प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री शम्भु कुमार श्रेष्ठ ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



माननीय महालेखापरीक्षकज्यूले ५९ औं वार्षिक प्रतिवेदन अन्तर्गत् लुम्बिनी प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत गर्नुहुँदै । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



लुम्बिनी प्रदेशका माननीय प्रदेश प्रमुख श्री अमिक शेरचनज्यूसमक्ष लुम्बिनी प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायब महालेखापरीक्षक श्री नारायण मरासिनी ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



माननीय महालेखापरीक्षकज्यूले ५९ औं वार्षिक प्रतिवेदन अन्तर्गत् कर्णाली प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत गर्नुहुँदै । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



कर्णाली प्रदेशका माननीय प्रदेश प्रमुख श्री तिलक परियारज्यूसमक्ष कर्णाली प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायव महालेखापरीक्षक श्री शंकर प्रसाद पन्थी ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



माननीय महालेखापरीक्षकज्यूले ५९ औं वार्षिक प्रतिवेदन अन्तर्गत् सुदूरपश्चिम प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा दस्तखत गर्नुहुँदै । साथमा उपमहालेखापरीक्षकज्यू, नायवमहालेखापरीक्षकज्यू तथा अन्य कर्मचारीहरु ।



सुदूरपश्चिम प्रदेशका माननीय प्रदेश प्रमुख श्री देवराज जोशीज्यूसमक्ष सुदूरपश्चिम प्रदेशको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुहुँदै नायव महालेखापरीक्षक श्री तारा प्रसाद पाण्डे ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



माननीय महालेखापरीक्षकज्यू र सचिवालयका कर्मचारी तथा अन्य ।

माननीय महालेखापरीक्षकज्यूको सन्देश....

लेखापरीक्षण भएको छ। परामर्श उपलब्ध गराएका संगठित संस्थासमेत गरी रु.८६ खर्ब ८५ अर्ब ८५ करोडको लेखापरीक्षण सम्पन्न भएको छ । गत वर्षसम्मको बाँकी बेरुजु रु.४ खर्ब १८ अर्ब ८५ करोडमा फर्स्यौट तथा समायोजन गरिएको अङ्क रु.५० अर्ब २९ करोड घटाई यो वर्ष थप भएको रु.१ खर्ब १५ अर्ब ५ करोडसमेत जम्मा रु.४ खर्ब ८३ अर्ब ५९ करोड बाँकी रहेको छ । लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रु.४ अर्ब २० करोड असुल भएको छ । अद्यावधिक कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम गत वर्षसम्म रु.६ खर्ब ७६ अर्ब ४१ करोड रहेकोमा यो वर्ष रु.८ खर्ब २९ अर्ब १५ करोड पुगेको छ । यस बर्ष म्याद ननाघेको पेस्कीलाई लगती बेरुजु कायम गरिएको छैन सो बाट बेरुजु अंक र प्रतिशत घटेको हो ।

सार्वजनिक वित्तीय प्रशासनमा प्रत्येक वर्ष बेरूजु बढ्दै जानु आर्थिक अनुशासन पालनाको स्थिति कमजोर रहेको प्रष्ट हुन्छ । समग्र वित्तीय प्रशासनको स्रोत व्यवस्थापन, बजेट तर्जुमा, कार्यान्वयन लेखाङ्कन र प्रतिवेदन प्रणालीमा सुधारको आवश्यकता देखिएको छ । प्रचलित कानुनको पालना गर्ने, सार्वजनिक खरिद व्यवस्थापन प्रभावकारी बनाउने, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग गर्ने जिम्मेवारी र जवाफदेहिताको पालना गर्ने, अभिलेख व्यवस्थापन गर्ने, नतिजामूलक सूचक तयार गर्ने, अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाउने लगायतका कार्यमा सुधार गरी आर्थिक अनुशासन कायम गर्न सम्बद्ध निकाय तथा पदाधिकारीहरुको थप क्रियाशीलता आवश्यक देखिएको छ ।

लेखापरीक्षणका क्रममा सम्माननीय राष्ट्रपतिज्यू, उपराष्ट्रपतिज्यू, प्रधानमन्त्रीज्यू, संघीय संसद, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका अध्यक्षज्यूबाट प्राप्त मार्गदर्शन एवं संघीय संसद, नेपाल सरकार, संवैधानिक निकाय, प्रदेश सभा तथा प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक संस्था, लेखा परीक्षण सल्लाहकार समिति, सञ्चारकर्मी, नागरिक समाज, विकास साझेदार र आम नागरिकलगायतबाट प्राप्त सुझावप्रति आभार व्यक्त गर्दछु । अन्त्यमा, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको कार्यान्वयनमा सहयोग गर्नुहुने सम्पूर्ण निकाय, संस्था, लेखापरीक्षण कार्य समयमै सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

वार्षिकोत्सव खण्ड

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

वार्षिकोत्सव समारोह सम्पन्न



सम्मानीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट ६४ औं वार्षिकोत्सव समारोहको समुद्घाटन गरिदै ।

१५ असार, २०७९

महालेखापरीक्षकको कार्यालयको ६४ औं वार्षिकोत्सव २०७९ असार १५ गते सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको प्रमुख आतिथ्यमा शुभकामना, सम्मान तथा पुरस्कार वितरण सहितका कार्यक्रम आयोजना गरी सम्पन्न भयो । कार्यक्रममा माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा, सार्वजनिक लेखा समितिका माननीय सभापति श्री भरतकुमार शाह तथा संवैधानिक निकायका प्रमुख, नेपाल सरकारका मुख्य सचिव, संघीय संसदका महासचिव, नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिवहरु, विभिन्न सुरक्षा निकायका प्रमुखहरु, पूर्व महालेखापरीक्षकहरु, लेखापरीक्षण सल्लाहकार समितिका सदस्यहरु, नेपाल सरकारका विभिन्न निकायका पदाधिकारीहरु, कार्यालयका पूर्व कर्मचारीहरू, पत्रकार तथा संचारकर्मी र कार्यालयका सबै कर्मचारीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमलाई सम्वोधन गर्नु हुँदै सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले महालेखापरीक्षकको कार्यालयले २०७२ को भूकम्प पश्चात् पहिलो पटक नयाँ भवनबाट वार्षिकोत्सव कार्यक्रम आयोजना गर्न सफल भएकोमा सबैलाई बधाई तथा शुभकामना प्रदान गर्नु भएको थियो । कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूले यसखालको भौतिक पूर्वाधारको उपलब्धतासँगै कर्मचारीहरुको कार्य वातावरणमा भएको सुधार र आधुनिक प्रविधिको प्रयोगबाट सार्वजनिक क्षेत्रमा वित्तीय सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्नुपर्ने भूमिका निर्वाहमा थप मद्दत पुग्न सक्ने विश्वास व्यक्त गर्नुभयो । त्यस्तै स्थानीय तहमा बेरुजु बढ्नु चिन्ताको विषय भएकोले आर्थिक अनुशासनमा ध्यान दिनुपर्ने तथा बेरुजु फर्स्यौटलाई अभियानका रुपमा अघि बढाउन जोड दिनु भएको थियो । कार्यक्रममा माननीय अर्थमन्त्री श्री जनार्दन शर्माले शुभकामना मन्तव्य व्यक्त गर्दै कार्यालयले यो वर्षदेखि विद्युतीय लेखापरीक्षण प्रणाली अवलम्वन गरेकोमा त्यसको उच्च सराहना गर्नुका साथै यसले नेपाल सरकारको विद्युतीय सुशासन प्रवर्द्धन कार्यक्रममा समेत सघाउ पुग्ने बताउनु भयो । कार्यक्रममा सार्वजनिक लेखासमितिका माननीय सभापति श्री भरत कुमार शाहले वार्षिकोत्सवको शुभकामना प्रदान गर्नु हुँदै लेखापरीक्षणका राष्ट्रिय, अन्तर्राष्ट्रिय तौरतरिका लगायत विविध आयामको चर्चा गर्नु भएको थियो । सो अवसरमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले संवैधानिक जिम्मेवारी पूरा गर्दै यस वर्षदेखि विद्युतीय प्रणालीबाट लेखापरीक्षण गरेको, कोभिडको छुट्टै लेखापरीक्षण प्रतिवेदन जारी गरिने, जोखिममा आधरित लेखापरीक्षण प्रक्रिया अवलम्वन गरेको तथा सुशासन प्रवर्द्धन गर्न महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको कार्यान्वयनमा जोड दिनु भएको थियो ।

कार्यक्रममा यस वर्ष उत्कृष्ट कार्य सम्पादन गर्ने ७ जना कर्मचारीलाई पुरस्कृत गरिएको थियो भने नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली कार्यान्वयन गराउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने ९ जना कर्मचारी र १ परामर्शदाता तथा महालेखा नियन्त्रक कार्यालयलाई समेत सम्मान गरिएको थियो । त्यसैगरी कार्यालयले वार्षिकोत्सवको अवसरमा २०७९ असार १४ गते २५ वर्ष सेवा अवधि पूरा गरेका २१ जना कर्मचारी र अनिवार्य अवकाश तथा राजिनामा दिई सेवाबाट निवृत्त भएका २३ जना कर्मचारीलाई सम्मान गरेको थियो ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

महालेखापरीक्षकको ६४औं वार्षिकोत्सव समारोहमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको सम्बोधन



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू ।

माननीय अर्थमन्त्री,
सार्वजनिक लेखा समितिका माननीय सभापति,
माननीय महालेखापरीक्षक,
संवैधानिक अङ्गका प्रमुख तथा पदाधिकारीहरु, उपस्थित सबै राष्ट्रसेवक, भद्र महिला तथा सज्जनवृन्द ।

महालेखापरीक्षकको कार्यालयको ६४ औँ वार्षिकोत्सवको अवसरमा आयोजित यस कार्यक्रममा सहभागी हुन पाउँदा मलाई खुशी लागेको छ । यस अवसरमा महालेखापरीक्षक सहित यस कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीलाई हार्दिक बधाई सहित उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिन चाहन्छु । विक्रम सम्वत् २०७२ सालको विनासकारी भूकम्पले महालेखापरीक्षकको कार्यालयलाई ठूलो क्षति पुर्याएपछि स्थायी कार्यस्थलको अभावमा तपाईंहरुले भोग्नु परेको कष्टबारे मलाई बारम्बार जानकारी भएको छ । त्यसपछि विभिन्न आधा दर्जन स्थानमा सर्दै २०७८ साल मंसिरदेखि यस नयाँ भवनबाट कार्य सञ्चालन सुरु भई आज यसै भवनमा ६४ औँ वार्षिकोत्सव मनाउन सफल भएकोमा तपाईहरुलाई म पुनः बधाई दिन चाहन्छु । महालेखापरीक्षकको कार्यालयले गर्ने लेखापरीक्षणको नतिजाले मुलुकको सार्वजनिक आर्थिक क्रियाकलापमा वित्तीय जवाफदेहिता, मितव्ययिता, पारदर्शिता एवं सदाचार प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । स्थापनाको यस ६४औँ वार्षिकोत्सव समारोहका अवसरमा लेखापरीक्षण कार्यलाई अझ बढी प्रभावकारी र परिणाममुखी बनाउन निरन्तर सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

नेपालको सार्वजनिक वित्त व्यवस्थापन प्रविधि मैत्री, आधुनिक र स्वचालित प्रणालीमा आधारित बनाउन पछिल्लो समयमा उल्लेखनीय कार्य हुँदै आएको छ । यसै सन्दर्भमा, महालेखापरीक्षकको कार्यालयले २०७८ साल मंसिरदेखि हाते प्रणाली विस्थापित गरी "नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली" मार्फत विद्युतीय प्रणाली मार्फत कार्यसम्पादन गर्न थालनी गरेकोमा धन्यवाद दिँदै यस कार्यको सराहना गर्दछु । यसबाट लेखापरीक्षण गर्न लाग्ने समय र लागतमा कमी आउने तथा लेखापरीक्षण प्रतिवेदनको गुणस्तरमा थप अभिवृद्धि हुने अपेक्षा गरेको छु ।

नेपाल सरकार र अन्य सार्वजनिक निकायहरुबाट नियमित सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, राजस्व संकलन, सामाजिक सेवा, स्रोत साधनको बाँडफाँट र अनुदानको उपयोग लगायतका सुधारका क्षेत्रहरु पहिचान गरी सरकारलाई महत्वपूर्ण सुझाव प्रदान गर्न महालेखापरीक्षकको कार्यालय सदैव चनाखो र सक्षम रहनुपर्दछ । मुलुकमा संघीयता कार्यान्वयन भएपछि संघीय निकायहरुको अतिरिक्त प्रदेश र स्थानीय तहसम्म यस कार्यालयको क्षेत्राधिकार विस्तारित भएको छ । संघीय तथा प्रदेश सरकार र स्थानीय तहबीच संविधान बमोजिम स्रोत र साधनको

समुचित बाँडफाँडको अवस्था यथार्थपरक ढङ्गले विश्लेषण गरी आवश्यक सुझाव प्रदान गर्नु पनि यसै कार्यालयको कार्यक्षेत्र भित्र पर्ने भएकोले तीनै तहका सरकारबाट हुने विकास निर्माण र सेवा प्रवाहमा पारदर्शिताको प्रवर्द्धन गर्नमा यो कार्यालय सक्षम हुनुपर्दछ । सार्वजनिक वित्तीय व्यवहारमा पारदर्शिता र स्वच्छता हासिल गरी सार्वजनिक प्रशासनमा देखिएका अनियमितता, चुहावट र भ्रष्टाचारजन्य कार्यलाई नियन्त्रण गर्दै मुलुकमा विकास र समृद्धिको वातावरण सिर्जना गर्न राज्यका सम्पूर्ण निकायको एकीकृत र समन्वयात्मक प्रयास हुनुपर्दछ । आर्थिक वर्ष २०७७।७८ को कारोवार परीक्षण गरी ५९ औं वार्षिक प्रतिवेदन तयारीको क्रममा रहेको मैले जानकारी पाएको छु । हरेक वर्षका प्रतिवेदनहरुले बेरुजु बढिरहेको पक्ष औंल्याएका छन् । अपेक्षाकृत रुपमा बेरुजु फर्स्यौट भएको देखिदैन । त्यसैले विगत लामो समयदेखि कायम बेरुजुलाई यसपटक अभियानका रुपमा फर्स्यौट गर्दै आगामी आर्थिक कारोबारहरु गर्दा बेरुजु नहुने व्यवस्था मिलाई आर्थिक अनुशासन पालनामा सबैको ध्यान जानु पर्दछ ।

पछिल्लो समयमा नवस्थापित स्थानीय तहका निकायहरुमा अनियमितता वृद्धि हुँदै जानु ठूलो चिन्ताको विषय बनेको छ । हाल स्थानीय तहको निर्वाचन सम्पन्न भई नयाँ नेतृत्वले जिम्मेवारी सम्हाल्ने क्रम सुरु भइसकेको सन्दर्भमा नयाँ नेतृत्वले विगतका कमजोरी नदोहोरिने गरी आर्थिक अनुशासनको पालना गर्नु पर्दछ । आर्थिक शुद्धता नै सुशासनको सबैभन्दा महत्वपूर्ण आधार हो भन्ने कुरा हामीले बुझ्न र बुझाउन आवश्यक छ । महालेखापरीक्षकले संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहसमेतको लेखापरीक्षण सम्पन्न गरी पेश गर्ने वार्षिक प्रतिवेदनमा प्रस्तुत गरेका विषयहरुले सम्बन्धित निकाय र सरोकारवालाको चासो र जिज्ञासा वृद्धि गर्नुपर्दछ । प्रतिवेदन मार्फत उठाइएका विषयवस्तुलाई संघीय संसद, प्रदेश सभा तथा स्थानीय तहले गम्भीरतापूर्वक लिई एकै प्रकृतिको विषय र व्यहोराहरु नदोहोरिने व्यवस्था मिलाउनु आवश्यक छ । लेखापरीक्षण कार्यमा संलग्न राष्ट्रसेवक लेखापरीक्षकको इमान्दारिता र नैतिकताले आर्थिक अनियमितता उजागर गर्न तथा अनुशासन पालना गर्न गराउन महत्वपूर्ण स्थान राख्दछ । लेखापरीक्षणको गुणस्तरमा सुधार गर्न लेखापरीक्षकहरुले आफ्नो स्वतन्त्रता, निष्ठा, विश्वसनियता, व्यवसायिकता र मूल्य मान्यतामा आँच आउन नदिई सार्वजनिक प्रशासनमा रहेका विकृति र समस्याहरु उपर कार्यान्वयन योग्य सुझावहरु प्रस्तुत गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

महालेखापरीक्षकको कार्यालयको ६४ औं वार्षिकोत्सवका अवसरमा लगनशील र अनुशासित भई उत्कृष्ट कार्यसम्पादन गरी पुरस्कृत हुनुभएका कार्यालयका राष्ट्रसेवक कर्मचारीहरुलाई बधाई दिन चाहन्छु । अन्त्यमा, राज्यमा स्रोत साधनको प्राप्ति एवं उपयोग प्रक्रियालाई निगरानी र मार्गदर्शन गर्न, भ्रष्टाचारमुक्त सभ्य समाज निर्माण गर्न तथा मुलुकमा वित्तीय अनुशासन कायम गरी महालेखापरीक्षकको संवैधानिक र कानूनी दायित्व पूरा गर्न सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दै यस समारोहमा आमन्त्रण गर्नु भएकोमा तपाईहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ॥
२०७९ साल असार १५ गते

महालेखापरीक्षकको ६४औं वार्षिकोत्सव समारोहमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको मन्तव्य

१५ असार, २०७९

सम्माननीय राष्ट्रपति श्रीमति बिद्यादेवी भण्डारीज्यू,
माननीय अर्थमन्त्री जनार्दन शर्मा ज्यू,
प्रतिनिधिसभा सार्वजनिक लेखा समितिका सभापति माननीय भरत कुमार शाह ज्यू,
संबैधानिक निकायका माननीय प्रमुखज्यूहरु,
नेपाल सरकारका मुख्य सचिवज्यू, कायममुकायम प्रधानसेनापतिज्यू, महासचिवज्यू, मुख्य रजिष्टारज्यू,
राष्ट्रपति कार्यालयका बिज्ञ तथा अन्य पदाधिकारीज्यूहरु,
लेखापरीक्षण सल्लाहकार समितिका सदस्यज्यूहरु,
नेपाल सरकारका सचिवज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु,
महालेखापरीक्षकको कार्यालयका बर्तमान तथा पूर्व कर्मचारी मित्रहरु,
संचारकर्मी मित्रहरु लगायत उपस्थित सबै महानुभावहरु,
हार्दिक नमस्कार तथा अभिवादन ।



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू ।

आज २०७९ साल आषाढ महिनाको १५ गते महालेखापरीक्षकको कार्यालय स्थापना भएको दिन । वि.सं.२०१६ साल असार १५

गते नेपालको पहिलो महालेखापरीक्षकको नियुक्तिसँगै महालेखापरीक्षकको कार्यालय स्थापना भएको थियो । आज यो कार्यालय स्थापनाको ६३ वर्ष पुरा भई ६४ औं वर्षमा प्रवेश गरेको छ । आज महालेखापरीक्षकको कार्यालयको ६४ औं वार्षिकोत्सव समारोह हामी सम्माननीय राष्ट्रपति श्रीमति बिद्यादेवी भण्डारीज्यूको गरिमामय उपस्थितिमा आफनै भवनमा हर्षोल्लासका साथ मनाईरहेका छौं ।

आज सम्माननीय राष्ट्रपति श्रीमति बिद्यादेवी भण्डारीज्यूबाट समय प्राप्त भई नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयको ६४ औं वार्षिकोत्सवका समारोहमा भएको उपस्थितिको लागि सम्माननीय राष्ट्रपतिज्यू प्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु । त्यसै गरी हाम्रो सामु माननीय अर्थ मन्त्रीज्यू र प्रतिनिधी सभा सार्वजनिक लेखा समितिका माननीय सभापतिज्यू लगायत बिशिष्ट पाहुनाहरु हुनुहुन्छ । वहाँहरुको उपस्थितिले यस कार्यक्रमको गरिमा बृद्धि भएको छ । उपस्थित सम्पूर्ण आमन्त्रित अतिथिहरुमा हार्दिक धन्यवाद ब्यक्त गर्दछु ।

आज कार्यालयको ६४औं बार्षिकोत्सव मनाई रहँदा महालेखापरीक्षकको कार्यालयलाई स्थापना कालदेखि यहाँसम्म ल्याई पुऱ्याउन विशिष्ट नेतृत्व र योगदान दिनु भएका नेपालका पूर्व महालेखापरीक्षकज्यूहरु लगायत यस सर्वोच्च लेखापरीक्षण संस्थामा विगत र वर्तमानमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको योगदानको उच्च कदर गर्दै उहाँहरुको प्रशंसा गर्न चाहन्छु । यस अवसरमा महालेखापरीक्षकको कार्यालय र यसमा आबद्ध सम्पूर्ण कर्मचारीको उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सम्माननीय राष्ट्रपति ज्यू,

हामीले कोभिड १९ को महामारीको कारण बिगत दुई बर्ष एकैठाउँमा भेला भई बार्षिकोत्सव मनाउन पाएका थिएनौं । यसपटक त्यो संभव भएको छ । विगत बर्षहरुमा कार्यालयमा स्वास्थ्य परीक्षण, खेलकुद मनोरञ्जन, साहित्यिक कार्यक्रम, सम्मान र उत्कृष्ट कर्मचारीलाई प्रोत्साहन लगायत विविध क्षमता अभिवृद्धिका कार्यक्रम सहित वार्षिकोत्सव मनाउने गरिएको थियो । तर अहिले हामी बार्षिक प्रतिवेदन तयारीको अन्तिम चरणमा रहेकाले त्यस प्रकारका कार्यक्रम संचालन गर्न समय अभाव हुन गएको छ । तथापी आज गतबर्ष कार्यसम्पादनमा उत्कृष्टता हासिल गरी छनौटमा परेका ७ जना कर्मचारीलाई सम्माननीय राष्ट्रपति ज्यूबाट पुरस्कृत गर्ने कार्यक्रम छ । कार्यसम्पादनमा उत्कृष्टता हासिल गर्नु हुने सबै कर्मचारी मित्रहरुलाई हार्दिक बधाई दिन चाहन्छु । साथै भविष्यमा समेत तपाईहरु र अन्य कर्मचारी साथीहरुबाट थप उत्कृष्टता हासिल हुने अपेक्षा गरेको छु ।

त्यसैगरी मैले २०७८ मार्ग ९ गते यस भवनको उदघाटन कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूकै उपस्थितिमा बिद्युतिय लेखापरीक्षण प्रणालीको थालनी गरिएको घोषणा गरेको थिए । यस आर्थिक बर्ष देखि हामीले विगतको परम्परागत म्यानुअल पद्धतिको लेखापरीक्षण प्रणालीको सट्टा बिद्युतीय प्रणालीबाट लेखापरीक्षण थालनी गरेका थियौ । देशै भरका संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयमा एकै पटक लागू गरिएको प्रणाली पूर्ण रुपमा सफल भएको छ । अहिले हामी यसै प्रणालीको माध्यमबाट प्रतिवेदन तयारीको अन्तिम चरणमा पुगेका छौं ।

यो प्रणाली सफल बनाउनका लागि यस कार्यालयका उपमहालेखापरीक्षक श्री रामु प्रसाद डोटेल लगायतको टोलीले अहोरात्र खटेको छ । उक्त टोलीमा सम्मिलित कर्मचारीहरु र परामर्शदाताको तर्फबाट खटने टोली नेता सिए भवनाथ दाहाल हुनुहुन्छ । त्यसैगरी महालेखा नियन्त्रक कार्यालय, अन्तर्गतका कोष तथा लेखानियन्त्रक कार्यालयहरु, प्रदेश लेखानियन्त्रक कार्यालयहरु र परामर्श दाता टोलीको अतुलनिय योगदान रहेको छ । त्यसैले वहाँहरुको कामको योदानको कदर गर्दै महालेखा नियन्त्रक कार्यालय कर्मचारी र परामर्शदातालाई सम्माननीय राष्ट्रपतिज्यूबाट प्रशंसापत्र प्रदान गरी सम्मानीत गर्ने कार्यक्रम राखिएको छ । वहाहरु सबैलाई बधाइ दिन चाहन्छु ।

महालेखापरीक्षकको कार्यालय सुशासन कायम गर्ने सन्दर्भमा नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ बमोजिम महालेखापरीक्षकले संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, तीनै तहका सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरु र अधिकांश स्वामित्व भएका संगठित संस्थाहरुको लेखाको नियमितिता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको दृष्टिकोणले परीक्षण गरी सम्माननीय राष्ट्रपतीज्यू समक्ष प्रतिवेदन पेश गर्ने व्यवस्था छ ।

कार्यालयले आवधिक रणनीतिक कार्ययोजनाहरु कार्यान्वयन गर्दै आएको छ । यहि सन्दर्भमा मैले नेपालको महालेखापरीक्षकको रुपमा २०७४, जेष्ठ ८ गते नियुक्ति लगतै नेपालको वित्तीय एवं आर्थिक प्रशासनको विश्लेषण गरी सुधारको ६ बर्षे कार्ययोजना कार्यान्वयनमा ल्याएको थिएँ । यी कार्ययोजनासँगै नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ मा उल्लेखित व्यवस्था एवं निर्दिष्ट लक्ष्य उद्धेश्य हासिल गर्न सार्वजनिक लेखापरीक्षणसँग सम्बन्धित विभिन्न विषयमा सुधारका कार्य सम्पन्न भएका र कतिपय सुधारको क्रममा रहेका छन् । विगत दुइ बर्ष भन्दा बढी अवधि विश्वव्यापी रुपमा देखा परेको कोभिड १९ महामारीका कारणले अपेक्षित सुधारका कार्य सम्पादन गर्न कठिनाई भएकोमा हाल सामान्यअवस्थामा फर्किएको छ ।

महालेखापरीक्षकको कार्यालय स्थापनाको अवधिमा हालसम्म ५८ वटा वार्षिक प्रतिवेदनहरु प्रस्तुत भईसकेको छन । मेरो कार्यकालमा विगत ५ बर्षमा आर्थिक बर्ष २०७३।०७४ देखि २०७६।०७७ सम्मका चारवटा वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यू समक्ष, आर्थिक बर्ष २०७४/०७५ देखि २०७६।०७७ सम्मका प्रदेशगत वार्षिक

प्रतिवेदनहरु प्रदेश प्रमुखज्यूहरु समक्ष पेश गरिएको छ । स्थानीय तहका लेखापरीक्षण प्रतिवेदनहरु समेत सँगसँगै जारी गरिएका छन् । हाल आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकको ५९ औँ वार्षिक प्रतिवेदन, प्रदेशगत वार्षिक प्रतिवेदन र स्थानीय तहका अन्तिम लेखापरीक्षण प्रतिवेदनहरु असार मसान्तसम्ममा पेश गर्ने गरी कार्यतालिका बमोजिम अन्तिम चरणको कार्य भईरहेको छ ।

मैले गतबर्ष कोभिड १९ को व्यवस्थापन र कारोबारको परीक्षण गरी छुटटै बिशेष प्रतिवेदन पेश गरेको थिएं । यसबर्ष पनि गतबर्ष जस्तै गरी संघ, प्रदेश र स्थानीय तहको नियमित कारोवारको परीक्षण प्रतिवेदनको अतिरिक्त कोभिड १९ महामारीको व्यवस्थापन र कारोवारको छुटटै प्रतिवेदन पेश गर्ने गरी तयारीको कार्य भईरहेको छ । कोभिड १९ को कहालीलाग्दो र त्रासदीपूर्ण वातावरणबाट एकपटक मानवजातिले करोडौको मानवीय क्षति तथा असिमित वित्तीय क्षति ब्यहोरेर भएपनि त्यसलाई तत्कालको लागि परास्त गरेका छौं । यसको हामीले लेखाजोखा राखेका छौ । यो विषय संसद, नागरिक समाज, संचारजगत र आम जनसमुदायको चासोको विषय रहेकोले हामीले यसलाई बिशेष लेखापरीक्षण प्रतिवेदन तयार गरी सम्माननीयज्यू समक्ष पेश गर्न थालेका हौं ।

नेपालको महालेखापरीक्षकले स्वदेशमा मात्र होइन, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा समेत सम्मानजनक उपस्थिति र पहिचान बनाएको छ । नेपाल सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन र एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनको सदस्य रही आएको छ । कोभिड १९को माहामारी शुरुहुनु अघि नेपालमा महालेखापरीक्षकको कार्यालयको आयोजनामा धेरै वटा अन्तर्राष्ट्रियस्तरका कार्यक्रम संचालन भएका छन् । सार्वजनिक क्षेत्रको लेखापरीक्षणका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा भएका कार्यक्रमहरुमा कार्यालयले सक्रियरुपमा सहभागी हुने वा प्रतिनिधित्व गर्ने गरेको छ । अब हामी पुनः पुरानो लयमा फर्कने प्रयासमा रहेका छौं ।

यसै सन्दर्भमा गतबर्ष देखि नेपालको महालेखापरीक्षकलाई अक्सफोर्ड बिश्वविद्यालयको Blavatnik School of Government द्वारा संचालित chandeler session, Corruption reduction and integrity culture promotion विषयमा New generation starategy बनाउन बिश्वभरका १५जना Practitionar मध्येवाट छनौट गर्दा नेपालको महालेखापरीक्षकलाई समेत समावेश गरिएकाले म त्यस कार्यक्रममा सहभागी भईरहेको छु । यो नेपालकै प्रतिष्ठाको बिषय रहेको छ । महालेखापरीक्षकको प्रतिष्ठा र मर्यादा कायम राख्न एवं थप उचाईमा पुऱ्याउन हामी अझै बढी चनाखो र क्रियाशील रहेका छौं ।

यस्तै सर्वोच्च लेखापरीक्षण संस्थाहरुको कार्यसम्पादनको आवधिक रुपमा मूल्यांकन गर्ने प्रचलन अनुसार थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट हाम्रो कार्यसम्पादन मूल्यांकन हुँदा हाम्रो विगतको कार्यसम्पादन स्थिति उच्चस्तर र सन्तोषजनक रहेको छ । केही क्षेत्रमा सुधार गर्नुपर्ने देखिएको छ । उक्त प्रतिवेदनले औल्याएका मध्ये उच्चस्तरको कार्यसम्पादन भएका क्षेत्रको उच्च अंक कायम गर्दै न्यून अंक प्राप्त भएका क्षेत्रलाई सुधार गर्न हामी प्रयत्नशील रहेका छौं ।

सम्माननीय राष्ट्रपतिज्यू,

विगतमा हाम्रो कार्यालयको कमजोर भौतिक सुविधाको कारणले कर्मचारीहरु उत्साहित भएर काम गर्ने वातावरणको कमी रहेको थियो । हाल यो नवनिर्मित भवन र बबरमहलको पुरानो भवनको केही बचेको अंशबाट कार्यालय संचालन एवं व्यवस्थापन भईरहेको छ । नेपालको संविधान बमोजिम कार्यालयको कार्यक्षेत्र थप भएसंगै कर्मचारी दरवन्दी समेत थप गर्नु परेकोले यो स्थान समेत अपुग भएकोले थप स्थानको खोजी भईरहेको छ । कार्यालयका कर्मचारीलाई उचित कार्य वातावरण साथ कार्यसम्पादन गर्ने व्यवस्था मिलाइनेछ । अहिले हाम्रो कार्यालयका लागि आवश्यक भौतिक सुविधा र जनशक्ति पर्याप्त रहेको छ । सार्वजनिक संस्थानहरुको लागि निजी क्षेत्रका लेखापरीक्षकहरुको सहयोग लिई कार्यसम्पादन भईरहेको छ ।

महालेखापरीक्षकको स्वायत्तता तथा प्रभावकारिताको लागि यस कार्यालयमा कार्यरत कर्मचारीको छुटटै सेवा समूह रहेको भएता पनि सेवाको संचालन नेपाल सरकारबाट भईरहेको छ । अन्य निजामती कर्मचारी र यस कार्यालयका कर्मचारी बीच सेवा शर्त र सुविधामा कुनै फरक छैन । यस नीतिले यस कार्यालयमा कार्यरत कर्मचारीलाई संवैधानिक निकायमा निभाएका भूमिकाको छुटटै मूल्यांकान गरी बिशेष व्यवस्था गर्न सकिएको छैन । तसर्थ यस्तो नीतिमा परिवर्तन गरी यस कार्यालयमा कार्यरत कर्मचारीको छुटटै सेवा शर्त र सुविधा हुनु पर्ने कुरामा मेरो ध्यानाकर्षण भएको छ । लेखापरीक्षणका लागि आवश्यक ऐन कानूनको प्रवन्ध भएको छ । तिनमा समयानुकुल परिमार्जन जरुरी देखिएको छ । खास गरी स्थानीयतहको लेखापरीक्षण प्रतिवेदनको कारवाहीको लागि व्यवस्थापन गर्नु पर्नेछ ।

महालेखापरीक्षकको स्वायतता र स्वतन्त्रताको बिषयमा बिश्वभर नै छलफल र बिश्लेषण हुने गरेका छन । महालेखापरीक्षकलाई प्रशासकीय, वित्तिय र कार्यगत स्वतन्त्रता हुनुपर्दछ भन्ने मान्यता स्थापित भएका छन । नेपालको संविधान बमोजिम नेपालको महालेखापरीक्षकलाई उस्को जिम्मेवारी निर्वाह गर्नका लागि औचित्यता प्रयोग गर्ने समेतको अधिकार सहित पर्याप्त प्रबन्ध भएको छ । तर कानूनी व्यवस्थाहरु मिलाउदा र कार्यसंचालनमा उसको कार्यगत स्वायतता र स्वतन्त्रतामा संकुचन हुन पुगेमा कार्यदक्षता र कार्य प्रभावकारितामा प्रभाव पर्दछ । यसतर्फ सम्वद्धपक्षहरुको ध्यान जानु पर्दछ भन्ने मलाई लागेको छ ।

महालेखापरीक्षकको कार्यालयको कार्यसम्पादनमा चूनौतीहरु थपिएका छन् । हामीसँग उपलब्ध सिमित मानवीय तथा भौतिक

क्षमताबाट सार्वजनिक क्षेत्रको आर्थिक कारोबारमा भएको वृद्धि, वर्तमान आर्थिक अनुशासन पालनाको अवस्था र कोरोना महामारी जस्ता समस्याहरुले उत्पन्न परिस्थितिको सामना गर्न थप चुनौति देखिएको छ । यस सन्दर्भमा विगतको जस्तो परम्परागत शैली र तौर तरिकाबाट मात्र अब अपेक्षित र नतिजामुलक कार्यसम्पादन गर्न सम्भव नहुने हाम्रो समग्र कार्य प्रणाली र प्रक्रियालाई सूचना प्रविधिको माध्यममा रुपान्तरण गरेका छौं । अहिले हाम्रो लेखापरीक्षणको मुख्य कामलाई सूचना प्रविधिको माध्यमबाट सम्पादन गर्न नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) को सफ्टवेयर लागू भएको छ ।

हामीले यसबर्ष देखि पूर्णरुपमा जोखिममा आधारित लेखापरीक्षण पद्दतिलाई अंगीकार गरेका छौं । सार्वजनिक निकायहरुलाई जोखिमको आधारमा वर्गीकरण गरी उच्च जोखिमका निकायको विस्तृत लेखापरीक्षण गर्ने, मध्यम जोखिमका निकायको छनौट गरिएको कारोबारको मात्र परीक्षण गर्ने र न्यून जोखिमका निकायको वित्तीय विवरणहरु परीक्षण गरी प्रमाणित गर्ने नीति लिइएको छ । यसैगरी उच्च र मध्यम जोखिमका निकायहरुको स्थलगत लेखापरीक्षण गर्ने र न्यून जोखिमका निकायहरुको दूर लेखापरीक्षण (Remote Audit) को प्रक्रिया अपनाउने नीति लिइएको छ । दूर लेखापरीक्षणको पद्दति विद्युतीय प्रणालीमा आधारित Faceless/Paperless पद्दति हो ।

महालेखापरीक्षकको कार्यालयबाट विगत चौसठी बर्ष देखि लेखापरीक्षण गरि हाल सम्म अन्ठाउन्न वटा बार्षिक प्रतिवेदनहरु पेश भईसकेका छन् । मेरो आफ्नै कार्यकालको चारवटा बार्षिक प्रतिवेदन पेश भई पाचौं प्रतिवेदन तयारीको चरणमा रहेको छ । प्रदेश सरकार र स्थानीय तहका तीनबर्षका प्रतिवेदन जारी भईसकेका छन् । तर प्रतिवेदनमा दिईएका सुझावहरुको उचित कार्यान्वयनको कमीले वित्तीय प्रशासन र आर्थिक अनुशासन पालनामा आशातित सुधार हुन सकेको छैन ।

महालेखापरीक्षको कार्यालयको तर्फबाट नियमित झकझकाउने काम भएको छ । यसै आर्थिक बर्षमा पनि सम्माननीय प्रधानमन्त्रीज्यूकै उपस्थितिमा नेपाल सरकारका मुख्य सचिव लगायतका लेखा उत्तरदायी अधिकृतहरुको बैठक गरि स्थिति प्रस्तुत र छलफल भएको हो । त्यस्तै सार्वजनिक लेखासमितिमा समेत पटक पटक छलफल हुने गरेको छ । नेपाल सरकारका मुख्यसचिव लागयतका पदाधिकारीहरको उपस्थितिमा महालेखापरीक्षकको कार्यालयमा पनि पटक पटक छलफल अन्तरक्रिया आयोजना गरिएको छ । म स्वयंले प्रदेशस्तरमा समेत भ्रमण गरी प्रदेश सरकारका मुख्यमन्त्री सहितका पदाधिकारी र प्रदेश सभा लेखा समितिमा छलफल आयोजना गरिएको छ । तर आशातित रुपमा प्रगति हुन सकेको छैन । यो बिषयलाई खास भन्नु पर्दा सबैको उत्तिकै प्राथमिताम परेको छैन ।

स्थानीय तहहरुमा तुलनात्मक रुपमा बढी अनियमितता भएको पाइएपछि यसपटक स्थानीयतहको निर्वाचन हुनु अगावै लेखापरीक्षण सम्पन्न गर्ने योजना अनुसार अधिकांश स्थानीय तहको लेखापरीक्षण सम्पन्न भयो । विगतको अनियमितता तथा बेरुजु उपर जनप्रतिनिधीहरुलाई नै जवाफदेही बनाउनु आवश्यक ठानियो । त्यसैले गत स्थानीय तहको निर्वाचनमा निर्वाचन आयोगले निर्वाचनमा उम्मेद्धवार हुनको लागि व्यक्तिगत पेश्की, महालेखापरीक्षकले उठाएको बेरुजु र सरकारी असुल गर्न बांकी रकम नरहेको घोषण गर्नुपर्ने गरी आचारसंहितामा राखेपछि जनप्रतिनिधिहरुमा चासो बढेको र रकम असुल भएको छ । यस्को लागि निर्वाचन आयोगलाई हार्दिक धन्यवाद दिन चाहन्छु । आगामी संघीय संसद र प्रदेश सभाको निर्वाचनमा समेत यहि नीति अवलम्वनको लागि आग्रहगर्न चाहन्छु ।

त्यसैगरी सरकारी पदाधिकारीहरु समेतको कार्यसम्पादनको मूल्यांकन गर्दा वित्तीय अनुशासन पालनाको स्थिति बिश्लेषण गरी आफूले गरेको कामवाट परेको बेरुजु वा अनियमितताम व्यक्तिगतरुपमा सम्वन्धित पदाधिकारीलाई नै जिम्मेवार बनाई फर्स्यौट गराउने व्यवस्था मिलाउनु पर्ने देखिएको छ । हाम्रो प्रचलन बेरुजु बनाउनेलाई भन्दा पछिल्ला पदाधिकारीलाई कार्य जिम्मेवारीको हैसियतमा जवाफदेही बनाउने गरिएको छ । त्यसैगरी नेपाल सरकारका उच्च पदमा नियुक्ति वा बढुवा गर्दा र ठूला विकास आयोजनाहरुमा पदाधिकारीहरु खटाउदा निजहरुको विगतको वित्तीय अनुशासनको स्थिति विश्लेषण गरेर मात्र खटाउने गरिनु पर्दछ । सार्वजनिक संस्थानहरुमा कार्यकारी प्रमुख वा संचालक समितिमा नियुक्ति गर्दा निजहरुको विगतको वित्तीय अनुशासनको पालनाको अभिलेख मूल्यांकन गरी सो समेतको आधारमा नियुक्ति गरिनु पर्दछ ।

सम्माननीय राष्ट्रपति ज्यू,

महालेखापरीक्षक आर्थिक कृयाकलापलाई सहि दिशामा हिँडाउने संयन्त्र हो । मुलुकको आर्थिक अनुशासन कमजोर छ । सुधारको लागि प्रत्येक वर्ष सुझाव दिए पनि अपेक्षित सुधार भएको छैन । महालेखापरीक्षकको बार्षिक प्रतिवेदन सार्वजनिक भएपछि केही समय बजारमा गर्माहट हुन्छ, तरंग आउछ । संचारजगतको लागि गतिलो सूचनाको श्रोत बन्दछ । केही समय पश्चात सेलाएर जान्छ । प्रतिवेदन कार्यान्वयन हुन सकेमात्र मुलुकी प्रशासनमा सुधार हुने भएकोले प्रतिवेदन कार्यान्वयनका लागि आफनो स्थानबाट दवाव वा पहल गर्नु पर्ने अवस्था छ । तर यसमा हरेस खानुपर्ने म देख्दिन । कुनैदिन यस्तो आउने सक्छ की अनियमितता गर्नेहरुको खोजी गरिदा कित्ता खोलिएका बखत महालेखापरीक्षकका प्रतिवेदनहरु जीवन्त प्रमाणका रुपमा साबित हुनेछन ।

सरकारी लेखापरीक्षण केवल हिसाब किताब मिले नमिलेको हेर्ने र बील भर्पाइ जाँच गर्ने प्रक्रिया मात्र होइन । यो शासकीय प्रणालीको शुद्धताको जाँच्ने संयन्त्र समेत हो । यसले शासकीय प्रणालीमा रहेका विकृती र विसंगतीहरुलाई उजागर गरी निर्मूल गर्ने

प्रयत्न गर्दछ । महालेखापरीक्षकको कार्यालय मार्फत सार्वजनिक निकायहरुमा आर्थिक अनुशासनको पालना र सुशासन प्रबर्द्धन गर्न/गराउन मद्दत पुग्ने मेरो मान्यता रहेको छ । हामी देशको सर्वोच्च लेखापरीक्षण संस्थामा काम गर्ने जनशक्ति भएकाले हाम्रो पेशागत व्यवहार र हामीले गरेको काममा कुनै खोट देखिनु हुँदै न । आफ्नो र संस्थाको विश्वसनीयता अभिवृद्धि गर्न हाम्रा मूल्य र मान्यताहरुमा सम्झौता नगरी आचारसंहिताको पूर्णपालना गरी कार्यसम्पादन गर्न सबै कर्मचारीको ध्यान जानेछ भन्ने बिश्वास लिएको छु ।

सबै कर्मचारी साथीहरु उत्साहका साथ काममा खट्न आग्रह गर्दछु । जे गरिन्छ जोडदार तरिकाले गर्ने, दिल लगाएर गर्ने । आफनो जिम्मेवारी एक धक्कामा फत्ते गर्ने । पानीले मात्र नुहाउनाले सफल भईदैन । पसिनाले नुहाउनेहरुले दुनियाँ बदल्न सक्छन भन्ने मन्त्र लिएर अगाडि बढने हो । । हामी स्वतन्त्र संवैधानिक निकायका कर्मचारी हौ । तपाई हाम्रो कार्यकालमा महालेखापरीक्षकको काम यस प्रकार गरौंकी सधैं सम्झन लायक होस । तपाई हामी गए पनि हाम्रो सम्झना रहिरहोस । सम्पूर्ण कर्मचारीले सरोकारवाला पक्ष, निकाय र पदाधिकारीहरुको सम्मान गर्दै आफ्नो र कार्यालय समेतको मान, ईज्जत र प्रतिष्ठा अभिवृद्धि हुने गरी उच्च मनोवल र नैतिकताका साथ कार्यसम्पादन गर्न निर्देश गर्दछु ।

मैले महालेखापरीक्षकको जिम्मेवारी लिएपछि नेपालको वित्तीय प्रशासनमा सुधार तथा आर्थिक अनुशासन पालना र सुशासनमा योगदान पुरयाउने अठोट सहितको प्रतिबद्धताका साथ यो कार्यभार सम्हालेको हो । आज पनि मैले जिम्मेवारी लिदाका बखतको प्रतिबद्धता, उत्साह, जोश, जाँगर र हौसलामा कुनै कमी आउन दिएको छैन । मैले मेरो ज्ञान, शीप, अनुभव र समय पूर्णरुपमा महालेखापरीक्षकको काम कर्तव्य प्रति समर्पित रहनेगरी यो जिम्मेवारी लिएको हुँदा मेरो कार्यकालमा यस संस्थाले मेरो क्षमताको पूर्णरुपमा उपयोग गर्न सकोस भन्ने मेरो चाहना रहेको छ। मेरो बाँकी कार्या अवधि मैले यो जिम्मेवारी लिंदाको प्रतिबद्धता अनुसार निर्वाह गर्ने आश्वस्तता व्यक्त गर्दै सबैको सहयोग र सदभाव सदाझै प्राप्त हुने बिश्वास लिएको छु ।

अन्तमा, महालेखापरीक्षकको कार्यालय मुलुकको सर्वोच्च लेखापरीक्षण संस्था हो । यस कार्यालयलाई आजको हैसियत र उचाई सम्म पुऱ्याउन कार्यसम्पादनका कममा मलाई सदैव मार्गनिर्देशन प्राप्त भएकोमा सम्माननीय राष्ट्रपतिज्यू प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्दछु । त्यसै सहयोग, सल्लाह र सुझाव प्रदान गर्नु हुने सबै संघीय संसदका समितिहरु, संवैधानिक तथा सरकारी निकायका पदाधिकारीहरु, प्रदेशसभा तथा त्यसका समिति र प्रदेश सरकारका पदाधिकारीहरु, स्थानीय तहका पदाधिकारीहरु, अन्तर्राष्ट्रिय तथा क्षेत्रीयस्तरका सर्वोच्च लेखापरीक्षण संस्थाका छाता संगठनहरु, विकास साझेदार, पारदर्शिता र जवाफदेहिताको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरु, आम संचारकर्मी र लेखापरीक्षण सल्लाहकार समिति, कार्यालयका सबै कर्मचारीहरु लगायत सबै सहयोगी महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दे आगामी दिनमा समेत सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद ॥
२०७९ साल असार १५ गते

महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौं

नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मा आबद्ध हुने सम्बन्धमा सार्वजनिक सूचना

लेखापरीक्षण ऐन, २०७५ को दफा १७ मा महालेखापरीक्षकले विद्युतीय माध्यमबाट अभिलेख राख्नसक्ने व्यवस्था अनुसार महालेखापरीक्षकको कार्यालयले गर्ने लेखापरीक्षणलाई सूचना प्रविधिमैत्री बनाउन मिति २०७८।०८।०१ देखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) कार्यान्वयनमा ल्याएको सर्वविदितै छ । उक्त प्रणालीमा लेखापरीक्षण गराउने कार्यालयहरु समेत आबद्ध हुनुपर्ने व्यवस्था छ । सो अनुसार नेपाल सरकार, प्रदेश सरकार र मातहतका कार्यालयहरु तथा सबै स्थानीय तहहरुलाई लग इन गरी आबद्ध हुन र आर्थिक वर्ष २०७८।७९ को आर्थिक विवरण एवं आन्तरिक लेखापरीक्षण प्रतिवेदन अपलोड गर्नुहुन सूचित गरिन्छ ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

महालेखापरीक्षकको कार्यालयको ६४ औँ वार्षिकोत्सव समारोहका केही झलकहरु



सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूलाई वार्षिकोत्सव कार्यक्रममा स्वागत गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू ।



सम्माननीय राष्ट्रपतिज्यू वार्षिकोत्सव कार्यक्रम स्थलतर्फ प्रस्थान गर्नुहुँदै ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



६४ औँ वार्षिकोत्सव समारोहमा सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यू, माननीय अर्थमन्त्री श्री जनार्दन शर्माज्यू, सार्वजनिक लेखासमितिका माननीय सभापति श्री भरत कुमार शाहज्यू र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू ।



वार्षिकोत्सवको फोटोसेसन कार्यक्रममा कार्यालयका उप-महालेखापरीक्षकज्यूहरु ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



वार्षिकोत्सवको फोटोसेसन कार्यक्रममा कार्यालयका नायब महालेखापरीक्षकज्यूहरु ।



वार्षिकोत्सवको फोटोसेसन कार्यक्रममा पूर्व महालेखापरीक्षक, लेखापरीक्षण सल्लाहकार समितिका सदस्य तथा अतिथिहरु ।



वार्षिकोत्सवको फोटोसेसन कार्यक्रममा यो वर्ष कार्यालयबाट पुरस्कृत गरिएका कर्मचारीहरु । बायाँबाट क्रमशः लेखापरीक्षण अधिकारीहरु प्रमोद कुमार मण्डल, डुन्नुराज भुसाल, छविलाल मैनाली, निर्देशक परशुराम न्यौपाने, लेखापरीक्षण अधीक्षक संगिता शर्मा, लेखापरीक्षण अधिकारी दिपक आचार्य र ह.स.चा. नारायण कार्की ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



वार्षिकोत्सवको फोटोसेसन कार्यक्रममा परामर्शदाता सहित न्याम्स व्यवस्थापन इकाईका सदस्यहरु ।



वार्षिकोत्सव कार्यक्रम आयोजक समितिका सदस्यहरु ।



वार्षिकोत्सव कार्यक्रम समापन पश्चात माननीय महालेखापरीक्षकज्यूसँग कार्यालयका कर्मचारीहरु

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



वार्षिकोत्सव कार्यक्रममा उपस्थित सञ्चारकर्मि तथा अतिथिज्यूहरु ।



वार्षिकोत्सव कार्यक्रममा उपस्थित आमन्त्रित अतिथिज्यूहरु ।



कार्यक्रममा उपस्थित कार्यालयका कर्मचारीहरु ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022



वार्षिकोत्सवको अवसरमा २५ वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरुलाई सम्मान प्रदान गरिएको ।



वार्षिकोत्सवको अवसरमा यो वर्ष सेवाबाट निवृत्त भएका कर्मचारीहरुलाई सम्मान गरिएको ।



वार्षिकोत्सवको अवसरमा अघिल्लो वर्ष कार्यालयबाट पुरुस्कृत कर्मचारीहरुलाई प्रमाण पत्र वितरण गरिएको ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

माननीय महालेखापरीक्षकज्यूबाट नयाँ भवनमा विधिवत कार्य प्रारम्भ



माननीय महालेखापरीक्षकज्यूले नयाँ भवनबाट कार्य प्रारम्भ गर्नुहुँदै ।

२३ जेठ, २०७९

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट २०७८ मंसिर ९ गते महालेखापरीक्षकको कार्यालयको अनामनगर स्थित कार्यालय भवनको उदघाटनसँगै वाग्मती र गण्डकी लेखापरीक्षण निर्देशनालय बाहेकका सबै कर्मचारीहरुलाई सो भवनबाटै कार्य गर्ने व्यवस्था मिलाईएको थियो । भवनको दोस्रो तलामा रहेको माननीय महालेखापरीक्षकज्यूको कार्यकक्षको भित्री भागको निर्माण कार्य नसकिएकोले साविकको बबरमहल तथा अनामनगरको सानो भवनबाट उहाँले कार्यसञ्चालन गर्दै आउनु भएको थियो । माननीय महालेखापरीक्षकज्यूले कार्यकक्षको निर्माण कार्य सम्पन्न भएपश्चात २०७९ जेठ २३ गते देखि नयाँ भवनबाट विधिवत आफ्नो कार्य प्रारम्भ गर्नु भएको छ । सो अवसरमा आयोजना गरिएको कार्यक्रममा माननीय महालेखापरीक्षज्यूले नयाँ भवनबाट कार्य प्रारम्भ गर्दा अत्यन्त खुशी लागेको बताउनु भएको थियो । यो भवनको संरचनागत निर्माण कार्यको अलावा शिलान्यास समुदघाटन हुँदै आजको महालेखापरीक्षकको कार्य प्रारम्भको दिनसम्म साँस्कृतिक पक्षहरुलाई ध्यान पुर्याएर काम गर्दै आएकोले यसको विशेष महत्व रहेको धारणा राख्नु भएको थियो । महालेखापरीक्षकको कार्यालय स्थापना भएदेखि नै बबरमहलबाट सेवा प्रदान गर्दै आएकोमा २०७२ सालको भूकम्पले क्षति हुँदा साविकको बबरमहल भवनमा कार्य सञ्चालन गर्न नसकिने भएपछि अनामनगरको ७ रोपनी क्षेत्रफलको जग्गामा उक्त भवन निर्माण गरिएको हो । भवनको शिलान्यास सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट २०७४ मंसिर १८ गते भएकोमा त्यसको ४ वर्षमा निर्माण कार्य सम्पन्न भएको थियो ।



माननीय महालेखापरीक्षकज्यूले नयाँ भवनबाट कार्य प्रारम्भ गर्दाको कार्यक्रममा उपस्थित कार्यालयका कर्मचारीहरु ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

बेरुजु फर्स्यौट प्रगतिको छलफल



माननीय महालेखापरीक्षकज्यूले नेपाल सरकारका मुख्य सचिवज्यू, व्यवस्थापिका संसदका महासचिवज्यूको उपस्थितमा आर्थिक वर्ष २०७८।७९ को समग्र बेरुजु फर्स्यौट प्रगति स्थितिको विवरण प्रस्तुत गर्नुहुँदै ।

१८ जेष्ठ, २०७९

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन कार्यान्वयन गर्न सार्वजनिक निकायको भूमिकालाई जिम्मेवार र प्रभावकारी बनाउन सघाउ पुर्याउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयले नेपाल सरकारका मुख्य सचिव सहित मन्त्रालय, संवैधानिक निकाय र आयोगका लेखाउत्तरदायी अधिकृतहरुको उपस्थितिमा यो वर्षको बेरुजु फर्स्यौट प्रगतिको सम्वन्धमा छलफल कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रमको प्रारम्भ गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले हालसम्मको बेरुजु फर्स्यौट तथा सम्परीक्षण प्रगति स्थिति गत वर्षको तुलनामा त्यति सन्तोषजनक नरहेकोले फर्स्यौटको वार्षिक लक्ष्य भेटाउन लेखाउत्तरदायी अधिकृतबाट थप तदारुकताको आवश्यकता औंल्याउनु भएको थियो । उहाँले बेरुजु आउनमा कमी ल्याउन र आएको बेरुजु फर्छ्यौट गरी समग्रमा बेरुजुको आकारलाई घटाउन व्यक्तिगत बेरुजु एवं वित्तीय अनुशासनलाई कर्मचारीहरुको वृत्ति विकासमा आवद्ध गर्न उपयुक्त नीतिगत तथा कानूनी प्रवन्ध गर्नुपर्ने धारणा राख्नु भएको थियो । उक्त कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास वैरागीज्यूले यो वर्षको हालसम्मको बेरुजु फर्स्यौटको प्रगति स्थितिको आआफ्नो मन्त्रालयमा तथा निकायमा समिक्षा गरी उपयुक्त रणनीति सहित बेरुजु फर्स्यौटमा लाग्न आग्रह गर्नुहुँदै बेरुजु आउने क्रममा कमी ल्याउन वित्तीय अनुशासनलाई प्रवर्द्धन गर्न कानूनमा भएको व्यवस्था अनुसार सवै सरकारी निकायले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता माथि जोड दिनुभएको थियो । सो कार्यक्रममा संघीय संसदका महासचिव डा. भरतराज गौतमले सवै सार्वजनिक निकायले कानून र विधि तथा प्रक्रियाको उच्चतम पालना गरेमा स्वत: बेरुजु घट्न सक्ने भएकोले उच्चस्तरको प्रशासनिक प्रतिवद्धता र तदनुरुपको व्यवहारको खाँचो रहेको बताउनु भएको थियो । कार्यक्रममा उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलज्यूले यो वर्षको भाद्र २८ गते सवै मन्त्रालय तथा निकायहरुलाई वार्षिक प्रतिवेदनको कार्यान्वयन स्थिति माग गरिएकोमा आधा दर्जन निकायबाटमात्र सो सम्वन्धी जानकारी प्राप्त भएको विवरण प्रस्तुत गर्नु भएको थियो । उहाँले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको सार्वजनिक लेखासमितिमा विभिन्न कारणले समयमै छलफल नहुँदा बेरुजु फर्स्यौट कार्य अपेक्षित लक्ष्य अनुसार हुन नसकेको बताउनु भयो । कार्यक्रममा लेखाउत्तरदायी अधिकृतहरुले आ-आफ्नो मन्त्रालय तथा निकायको हालसम्मको बेरुजु फर्स्यौट स्थितिको विवरण एवं त्यसमा देखापरेका समस्याको चर्चा गर्नुभएको थियो । उहाँहरुले बेरुजु फर्स्यौट गर्न मुख्यत: पुरानो बेरुजुको, नामनामेसी नभएको र संघीयता कार्यान्वयनसँगै कार्यालय प्रदेशमा हस्तान्तरण भएका तर बेरुजु संघीय मन्त्रालय कायम रहेका कतिपय बेरुजुहरुको आवश्यक कागजात पुऱ्याउन कठिन भएको विचार राख्नु भएको थियो ।



बेरुजु फर्स्यौट प्रगतिको छलफल कार्यक्रममा उपस्थित नेपाल सरकारका लेखाउत्तरदायी अधिकृतहरु तथा अन्य ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको पाँच वर्षको कार्यअवधि पूरा गर्दा महालेखापरीक्षकको कार्यालयबाट सम्पादन भएका प्रमुख कार्यहरु

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको पाँच वर्षको कार्यअवधि पूरा गर्दा महालेखापरीक्षकको कार्यालयबाट सम्पादन भएका प्रमुख कार्यहरु

जेष्ठ ८, २०७९

नेपालको संविधानको धारा २४० बमोजिम संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिज्यूबाट २०७४।२।८ मा नेपालको महालेखापरीक्षकमा नियुक्त हुनुभएका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले सोही मितिदेखि आफ्नो कार्यभार सम्हाल्नु भएको हुँदा २०७९।२।८ मा उहाँको कार्यावधि पाँच वर्ष पूरा भएको छ । नेपालको संविधानको धारा २४१ बमोजिम आफ्नो काम, कर्तव्य, अधिकार प्रभावकारी रुपमा सम्पादन गर्न उहाँले महालेखा परीक्षकको कार्ययोजना (२०७४-२०८०) स्वीकृत गर्नुभएकोमा सो अनुरुप कार्यालयको कार्यसम्पादन भईरहेको छ । कार्ययोजनामा ६ वर्षमा गरिने सुधारका विषयहरु समावेश गरिएको छ । उक्त विषयहरु संगठनात्मक व्यवस्था र कार्य प्रणालीमा सुधार, नीतिगत तथा कानुनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध र सञ्चार रहेका छन् । सार्वजनिक लेखापरीक्षणको माध्यमबाट सरकार र सार्वजनिक निकायमा जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्न, कार्यालयको सान्दर्भिकता प्रस्तुत गर्न कार्यालयले उदाहरणीय कार्य गर्दै आएको छ । माननीय महालेखापरीक्षकज्यूको नेतृत्वमा पाँच वर्षको अवधिमा कार्यालयबाट सम्पादन भएका प्रमुख कार्यहरु एवं सुधारहरु देहाय बमोजिम रहेका छन्:

१. संगठनात्मक व्यवस्था र कार्य प्रणाली

१.१.संगठन संरचना

- नेपालको संविधान र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तह समेतको लेखापरीक्षण गर्न बढ्दो कार्यबोझका आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी नयाँ दरवन्दी सहितको संगठन संरचना स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश भएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७८।५।३ मा स्वीकृत भएको छ । नयाँ स्वीकृत दरबन्दीमा ४ उप महालेखापरीक्षक, थप ४ सहित १८ नायव महालेखापरीक्षक र २५ थप सहित ११० निर्देशकको दरवन्दी कायम भएको छ । त्यसैगरी लेखापरीक्षण अधिकारी २५५, लेखापरीक्षण अधिक्षक १३० र लेखापरीक्षण निरीक्षक १६ समेत कार्यालयको कायम दरवन्दी ६४३ पुगेको छ ।
- लेखापरीक्षण तथा अन्य प्रशासनिक कार्य व्यवस्थापनका लागि माननीय महालेखा परीक्षकज्यूबाट विभिन्न तहमा अधिकार प्रत्यायोजनको व्यवस्था मिलाईएको छ ।
- विभाग, महानिर्देशनालय र निर्देशनालय तथा सबै कर्मचारीहरुमा द्रुत सञ्चारको लागि ई डिजिटल प्रणालीमार्फत निर्णय, सूचना, विवरण तथा जानकारीहरु द्रुत रुपमा प्रवाह गरिएको छ ।
- प्रशासनिक तथा लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा देखिएका समस्याहरु तत्काल समाधान गर्नका लागि माननीय महालेखा परीक्षकज्यूको संयोजकत्वमा गठित केन्द्रीय समन्वय ईकाईमा प्रस्ताव पेश गरी निर्णय गर्ने व्यवस्था मिलाईएको छ ।
- लेखापरीक्षण कार्यलाई समयानुकूल तथा गुणस्तरीय बनाउनका लागि केन्द्रीय सल्लाहकार समिति गठन गरिएको छ । उक्त समितिमा विभिन्न क्षेत्रका विज्ञको सहभागिता रहेको छ । लेखापरीक्षणका चरणहरुमा समिति सदस्यहरुको समेत राय लिई कार्य हुँदै आएको छ ।

१.२.भौतिक पूर्वाधार

- सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट २०७८ मंसिर ९ गते कार्यालयको नवनिर्मित भवनको समुद्घाटन भएको छ । उक्त भवनको शिलान्यास सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नै मिति २०७४ मंसिर १८ गते भएको थियो ।
- वि.सं. २०७२ को विनासकारी भूकम्पबाट बबरमहल स्थित साविकको कार्यालय भवनमा क्षति भएको अवस्थामा बबरमहलको क्षतिबाट बचेको भाग, पुल्चोक स्थित कर्मचारी सञ्चय कोष, अनामनगर स्थित आफ्नै र काठमाण्डौं उपत्यका विकास प्राधिकरण, ताहचल स्थित नेपाल ट्रष्टको कार्यालय तथा डिल्लीबजार स्थिति कार्यालयबाट लेखापरीक्षण सञ्चालन एवं व्यवस्थापन हुँदै आएकोमा नयाँ भवन निर्माण सँगै सबै कर्मचारीहरु एउटै छातामुनि रही कार्य गर्ने अवस्था बनेको छ ।
- आधुनिकताबीच पौराणिकता समेत मिश्रित गरी डिजाइन गरिएको नयाँ भवनको कुल ९ तला मध्ये २ तला अण्डरग्राउण्ड पार्किङ रहेको छ । कार्यालय भवन अपाङ्गमैत्री हुनुका साथै यसको निर्माणमा वास्तुशास्त्रलाई समेत ध्यान दिईएको छ ।
- यस अवधिमा कार्यालयमा १२ चार पाङ्ग्रे र ७९ दुई पाङ्ग्रे सवारी साधन थप भएका छन् । हाल कार्यालयमा ४० चार पाङ्ग्रे र ९३ दुई पाङ्ग्रे सवारी साधन सञ्चालनमा रहेका छन । थपिएको दरवन्दी अनुरुप सवारी साधन अपुग भएकोले अर्थमन्त्रालयसँग पत्राचार गरिएको छ । फलस्वरुप केही

सवारी साधन प्राप्त हुने अवस्थामा रहेका छन् ।

- स्थलगत लेखापरीक्षण कार्य सहजताका लागि विगत वर्ष १२० र यस वर्ष २२५ गरी जम्मा ३४५ ल्यापटप खरिद गरी लेखापरीक्षण अधीक्षक तहसम्म कार्यरत प्रत्येक कर्मचारीहरुलाई ल्यापटप सुविधा उपलब्ध गराईएको छ ।
- कार्यालयले सञ्चालनमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (Nepal Audit Management System, NAMS) सञ्चालनको लागि आवश्यक सर्भर खरिद तथा जडानको कार्य भैरहेको छ । छिट्टै कार्यालयको आफ्नो सर्भरबाट उक्त प्रणाली सञ्चालन हुनेछ ।
- कार्यालयको पूर्वाधार व्यवस्थापनलाई प्राथमिकता दिई कार्यवातावरण अनुकूल बनाउन प्रयास गरिएको छ । नयाँ भवनमा फर्निचर र फर्निसिङको कार्य अन्तिम चरणमा रहेको छ ।
- नवनिर्मित भवन समेत साँघुरो हुनसक्ने तथ्यलाई मध्यनजर राखेर बबरमहलको केही भाग प्राप्त गर्ने सम्वन्धमा पहल भैरहेको छ ।

१.३. जनशक्ति व्यवस्थापन तथा क्षमता विकास

- स्वीकृत संगठन संरचना अनुसार कार्यालयको कुल कर्मचारी दरबन्दी संख्या ६१४ बाट वृद्धि भई ६४३ पुगेको छ। जस अनुसार महालेखापरीक्षकको कार्यालयमा उप महालेखापरीक्षकको नेतृत्वमा ४ लेखापरीक्षण विभाग, नायव महालेखापरीक्षकको नेतृत्वमा प्रादेशिक ७ सहित १८ लेखापरीक्षण महानिर्देशनालय र माननीय महालेखापरीक्षकज्यूको सचिवालय सहित ३५ निर्देशनालयहरुमा कर्मचारीहरुको पदस्थापना गरी कार्यसञ्चालन हुने व्यवस्था गरिएको छ ।
- यो अवधिमा उपमहालेखापरीक्षक ४, नायव महालेखापरीक्षक १७, निर्देशक ६३, लेखापरीक्षण अधिकारी १२० र लेखापरीक्षण अधीक्षक ९३ र अन्य २१ समेत जम्मा ३१८ जना कर्मचारीहरु लोक सेवा आयोगको सिफारिसमा खुला तथा बढुवाको माध्यमबाट पदपूर्ति भएको ।
- कर्मचारी क्षमता विकासका लागि आन्तरिक तालिम तथा स्वदेशी कार्यक्रममा कर्मचारीको सहभागिता गराउने कार्यलाई निरन्तरता दिईएको । पाँच वर्षको अवधिमा स्वदेशी तालिम गोष्ठी सेमिनारमा ४९९ जना र वैदेशिक तालिम गोष्ठी सेमिनारमा २३१ जना कर्मचारीको सहभागिता भएको छ ।
- विश्वव्यापी रुपमा देखा परेको कोरना भाइरस संक्रमण र बन्दाबन्दीका अवधिमा समेत कर्मचारीहरुको क्षमता विकासका लागि भर्चुअल माध्यमबाट विभिन्न स्वदेशी तथा वैदेशिक तालिम, गोष्ठी र सेमिनारहरुमा ५०० भन्दा कर्मचारीलाई सहभागी गराईएको ।
- मित्रराष्ट्र चीन सरकारको सहयोगमा ५, जापान सरकारको सहयोगमा २, दक्षिण कोरिया सरकारको सहयोगमा १ समेत ८ कर्मचारीहरु विदेशी विश्वविद्यालयबाट सार्वजनिक प्रशासन तथा लेखापरीक्षण विषयमा स्नाकोत्तर उपाधि हासिल गरी हाल कार्यालयमा कार्यरत रहेका छन । त्यसैगरी चीन सरकारको सहयोगमा १ कर्मचारीले लेखापरीक्षण विषयमा स्नातकोत्तर अध्ययन गरिरहनु भएको छ ।
- कार्यमूलक लेखापरीक्षणलाई सहभागितात्मक बनाउने प्रयोजनार्थ प्रदेशगत रुपमा विगतमा २६६ जनालाई नागरिक लेखापरीक्षण सम्बन्धी तालिम प्रदान गरिएकोमा पाँचौ वर्षमा थप ९५ जनालाई उक्त तालिम प्रदान गरिएको छ ।
- नयाँ नियुक्त भएका २३ जना लेखापरीक्षण अधिक्षकहरुको लागि एक हप्ताको सेवा प्रवेश तालिम प्रदान गर्नुको अतिरिक्त नयाँ नियुक्त भएका लेखापरीक्षण अधिक्षक २३, लेखापरीक्षण अधिकारी २५ र ३ जना कार्यरत कर्मचारी समेत जम्मा ५१ जनाको लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली सम्वन्धी तालिम सञ्चालन गरिएको छ ।

१.४. कर्मचारी सुविधा र सम्बन्ध

- यस अवधिमा माननीय महालेखापरीक्षकज्यू र ६ जना कर्मचारी सम्माननीय राष्ट्रपतिज्यूबाट विभूषित हुनुभएको छ । त्यसैगरी ४ जना कर्मचारीलाई निजामती सेवा पुरस्कार प्राप्त भएको छ भने लेखापरीक्षण सेवाका कर्मचारीको पुरस्कार सम्बन्धी कार्यविधि तयार गरी उत्कृष्ट कार्य गर्ने २८ कर्मचारीहरुलाई पुरस्कृत गरिएको छ ।
- सर्वोच्च लेखापरीक्षण संस्थाको पेशागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वसनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकासका लागि लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीसँग सम्बन्धित विषयमा सुधारको कार्यलाई निरन्तरता दिईएको छ ।
- आधिकारिक ट्रेड युनियनहरुमार्फत उठाइने कर्मचारीका हित र वृत्ति विकाससँग सम्बन्धित मागहरु उचित ढङ्गले सम्बोधन गर्दै आएको छ ।
- कार्यालयका कर्मचारीहरुलाई कार्यालय आवतजावतमा सहजताका लागि उपत्यकका भित्र विभिन्न ४ रुटमा ४ वटा वस भाडामा लिई सञ्चालन भईरहेको छ ।
- कर्मचारीहरलाई स्थलगत लेखापरीक्षणको क्रममा प्रदान गरिने परिवहन सुविधालाई समयोचित वृद्धि गरिएको छ । साथै सूचना प्रविधिको प्रयोग गरी कार्य गर्नुपर्ने अवस्थामा ईन्टरनेट महशुल सोधभर्ना दिने व्यवस्था मिलाईएको छ ।

१.५.कार्य प्रणालीमा सुधार

- लेखापरीक्षणमा देखिएको कार्य बोझ, जोखिम, जनशक्ति, क्षमता समेतका आधारमा जोखिममा आधारित लेखापरीक्षण पद्दतिको अवलम्बन गरिएको । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अनुगमन, सुपरीवेक्षण, गुणस्तर नियन्त्रण र आश्वस्तताको कार्यलाई विशेष प्राथमिकता दिइएको छ ।
- सार्वजनिक संस्थान तथा संगठित संस्थामा खटिएका लेखापरीक्षकहरुसँग नियमित अन्तरक्रिया तथा छलफल गरी लेखापरीक्षणको गुणस्तर नियन्त्रण कार्यमा ध्यान दिईएको छ ।
- लेखापरीक्षण कार्य शुरु गर्नुपूर्व र लेखापरीक्षण सम्पन्न भए पश्चात देखिएका प्रमुख विषय तथा व्यहोराहरु उपर जिम्मेवार पदाधिकारी लगायत केन्द्रीयस्तरमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरुसँग छलफल तथा अन्तरक्रिया गर्ने गरिएको छ ।
- कार्यमूलक लेखापरीक्षणको क्षेत्र र दायरा बिस्तार गर्न कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालयका अलावा अन्य सम्बन्धित निर्देशनालयहरु समेतको संलग्नतामा कार्यमूलक तथा विशेष लेखापरीक्षण गर्ने नीति अवलम्वन गरिएको । दिगो विकास लक्ष्यको लेखापरीक्षण समेत प्रत्येक वर्ष गरिँदै आएको छ भने गत वर्ष देखि कोभिड १९ व्यवस्थापनको विशेष लेखापरीक्षण गरी बेग्लै प्रतिवेदन पेश गरिएको छ ।
- कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना संकलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी र सम्प्रेषण तथा त्यसको बहस पैरवी कार्यमा नागरिक समाज तथा सरोकारवालाको सहभागितालाई प्राथमिकता दिइएको ।
- सार्वजनिक निर्माण, आर्थिक क्षेत्र तथा कार्यमूलक एवं विशेष लेखापरीक्षणमा विषयविज्ञको परामर्श सेवा लिई लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- लेखापरीक्षण प्रतिवेदनको सम्प्रेषणलाई सहजता प्रदान गर्न मुख्य व्यहोरा एवं सारांशलाई अंग्रेजीमा अनुवाद गर्ने गरिएको छ ।

२. लेखा, लेखापरीक्षणसम्बन्धी नीतिगत तथा कानुनी सुधार

- प्रदेश तथा स्थानीय तहका संरचनामा समेत अनुकूल हुने गरी महालेखानियन्त्रकको कार्यालयले संशोधन तथा परिमार्जन गरी अर्थ मन्त्रालय मार्फत पेस गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ र नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय प्रतिवेदनको ढाँचा (म.ले.प.फा.नं. २१०(क) तथा म.ले.प.फ.नं. २१०(ख) महालेखापरीक्षकबाट क्रमशः मिति २०७५ भाद्र ५ र मिति २०७५ मार्ग ९ मा स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- संघ, प्रदेश र स्थानीय तह तीन वटै सरकारका विद्यमान लेखा र प्रतिवेदन ढाँचामा परिवर्तन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुरुप संशोधन, परिमार्जन र थप समेत गरी महालेखानियन्त्रक कार्यालयले पेश गरेका १४१ वटा लेखा ढाँचाहरु २०७६ जेष्ठ १९ मा माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षण गुणस्तर अभिवृद्धि गर्न साविकमा स्वीकृत भएका सरकारी लेखापरीक्षण मानदण्ड एवं सरकारी लेखापरीक्षण नीति मानदण्ड खारेज गरी नेपाल सरकारी लेखापरीक्षण मान (Nepal Government Auditing Standard, NGAS) माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत भई २०७७/०४/०१ देखि कार्यान्वयनमा आएको छ।
- नेपालको संविधान अनुसार लेखापरीक्षण कानूनलाई समयानुकूल बनाउन लेखापरीक्षण ऐन, २०७५ सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई मिति २०७५ चैत्र १५ गते राजपत्रमा प्रकाशित उक्त ऐनमा लेखापरीक्षणका नीतिगत र सैद्धान्तिक विषयहरुमा थप कानूनी स्पष्टता तथा व्यवस्था गरिएको । उक्त ऐनमा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने निकाय, वित्तीय लेखापरीक्षणको अतिरिक्त छनौटको आधारमा सूचना प्रबिधि, कार्यमूलक, लैंङ्गिक, विधि विज्ञान, वातावरण जस्ता विविध विषयको लेखापरीक्षण गर्ने व्यवस्था छ । त्यस्तै, ऐनले सामयिक लेखापरीक्षण, अनुदान तथा सहायताको लेखापरीक्षणको सम्बन्धमा स्पष्ट पार्दै लेखापरीक्षण गर्ने विषयमा थप स्पष्टता गरेको छ ।
- नेपाल लेखापरीक्षण सेवा (गठन, श्रेणी विभाजन र नियुक्ती) नियमहरु, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको । नियमावलीले सेवामा रहने पद तथा सो पदका लागि आवश्यक न्यूनतम योग्यताका बारेमा स्पष्ट गरेको छ ।
- लेखापरीक्षणसँग सम्बन्धित कानूनी तथा नीतिगत पक्षमा सुधार गर्न लेखापरीक्षण नियमावलीको मस्यौदा तयार गर्ने कार्य भईरहेको छ ।
- लेखापरीक्षणको गुणस्तर सुधार, क्षमता विकास, संगठनात्मक सुधार लगायतका विषयसँग सम्बन्धित क्रियाकलापहरु समावेश गरी तयार गरिएको महालेखापरीक्षकको कार्ययोजना (२०७४-२०८०) कार्यान्वयनमा रहेको छ ।
- स्थानीय तहको लेखापरीक्षण कार्यलाई व्यवस्थित र गुणस्तरीय बनाउन स्थानीय तहको लेखापरीक्षण सम्बन्धी निर्देशिका, २०७६ जारी गरिएको छ ।
- साविकको बेरुजू वर्गीकरण निर्देशिकालाई परिमार्जन गरी बेरुजू वर्गीकरण निर्देशिका, २०७६ जारी गरिएको छ ।

- महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजना मार्फत अन्तर्राष्ट्रिय मापदण्डसँग अनुकूल हुने गरी विषयगत लेखापरीक्षण मार्गदर्शन र मानदण्डहरु अद्यावधिक, परिमार्जन र तर्जुमा गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

३. लेखापरीक्षण प्रक्रियामा सुधार

- लेखापरीक्षणका क्षेत्रमा सहयोग गर्न तथा महालेखापरीक्षकको कार्य योजना (२०७४-२०८०) कार्यान्वयनका लागि विश्व बैंकको सहयोगमा रु. ४० करोड खर्चगर्ने गरी महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजना मिति २०७५ आषाढ १३ देखि कार्यान्वयनमा आएको छ । शुरुमा २०७८ सम्म सञ्चालन हुनेगरी सम्झौता भएको यस आयोजनाको अवधि हाल १ वर्ष थप भएको छ । आयोजनाले लेखापरीक्षण मानदण्डमा समसामयिक सुधार, संशोधन तथा परिमार्जज गर्ने, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, सूचना प्रविधि आधारित विद्युतीय लेखापरीक्षण प्रणाली कार्यान्वयनमा ल्याउने, लेखापरीक्षणमा नागरिक सहभागिता अभिवृद्धि गर्ने जस्ता प्रमुख उद्देश्यहरु रहेको छन

- कार्यालयले यस वर्ष देखि NAMS सफ्टवेयर तयार गरी प्रयोगमा ल्याएको छ । आर्थिक वर्ष २०७७।७८ को लेखापरीक्षणको लागि २०७८ मंसिर १८ पश्चात भएका सबै लेखापरीक्षणमा यस सफ्टवेयरको प्रयोग गरिएको छ । यसले लेखापरीक्षण व्यवस्थापन तथा अभिलेख पद्धतिमा आमूल परिवर्तन ल्याएको छ । लेखापरीक्षण कार्यलाई डिजिटाइज्ड गर्ने हुँदा यसबाट लेखापरीक्षण कार्य पारदर्शी, पेपरलेस तथा फेसलेस भई आर्थिक अनुशासन कायम गर्न प्रभावकारी हुनेछ ।

- NAMS सफ्टवेयरले बेरुजू सम्परीक्षणलाई समेत सरलीकृत गरेको छ । कार्यालयहरुले प्रणाली मार्फत नै सम्परीक्षण अनुरोध गर्न तथा प्रमाण पेश गर्न सक्ने र सोका आधारमा कार्यालयले सम्परीक्षण गरी सोको जानकारी प्रणाली मार्फत नै पठाउन सक्ने व्यवस्था रहेको छ । सोही प्रावधान लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियामा समेत रहेको छ । यस वर्षदेखि सम्परीक्षण तथा प्रतिक्रियाको लागि कागजात लिई महालेखापरीक्षकको कार्यालय आउनुपर्ने अवस्थाको अन्त्य भएको छ ।

- लेखापरीक्षण गर्ने निकायको जोखिम मूल्याङ्कनका आधारमा उच्च, मध्यम र न्यून जोखिममा वर्गीकरण गरी जोखिमको प्रकृति अनुसार लेखापरीक्षण विधि अवलम्वन गर्ने कार्यको शुरुवात गरिएको र यस वर्षदेखि न्यून र मध्यम जोखिममा वर्गीकरण गरिएका कार्यालयको लेखापरीक्षण NAMS सफ्टवेयरमार्फत फेसलेस रुपमा सम्पन्न गरिएको छ ।

- विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (इन्टोसाई) ले स्वीकृत गरेको लेखापरीक्षण संस्थाको कार्यसम्पादन मापदण्ड (Supreme Audit Institute Performance Framework Measurement, SAI PFM) अनुसार महालेखापरीक्षकको कार्यालयले थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाबाट आफ्नो कार्यसम्पादनको मूल्याङ्कन गराई प्रतिवेदन प्राप्त भएको छ। उक्त प्रतिवेदनबाट कार्यालयले विभिन्न मूल्यांकनका आधारहरुमा विगत २०१४ मा भन्दा सुधार भएको उल्लेख छ । उक्त प्रतिबेदनमा उल्लेख भएका सुधार गर्नुपर्ने विषयहरुलाई महालेखापरीक्षकको कार्यालयको रणनैतिक योजना (२०२१-२०२५) मा समावेश गरिएको छ ।

- महालेखा परीक्षकको कार्यालयले चौथो रणनैतिक योजना, २०२१-२०२५ तयार गरी कार्यान्वयनमा रहेको छ । योजनाले जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गरी एक विश्वसनीय संस्था हुने दूरदृष्टि निर्धारण गरेको छ । त्यसैगरी राज्यलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा उपलब्ध गराउने गन्तव्य राखेको छ । यसमा महालेखापरीक्षक कार्यालयका मूल्य मान्यतामा स्वतन्त्रता, निष्ठा, पारदर्शिता, जवाफदेहिता र व्यावसायिकता तय गरिएको छ । योजनामा ५ वटा रणनीतिक लक्ष्यहरु लेखापरीक्षण गुणस्तरमा सुधार तथा लेखापरीक्षण प्रभाव अभिवृद्धि गर्ने, कार्यालयको आन्तरिक शासन सुदृढीकरण तथा थप स्वतन्त्रता प्राप्त गर्ने, संस्थागत तथा व्यावसायिक सक्षमता सुदृढ गर्ने, वित्तीय अनुशासन र जवाफदेहिता प्रवर्द्धन गर्ने, र सरोकारवालासँगको सम्बन्धमा बढोत्तरी गर्ने रहेका छन । उक्त लक्ष्य हासिल गर्न १९ वटा उद्देश्यहरु र सो अन्तर्गत विभिन्न क्रियाकलाप तथा कार्यक्रमहरु निर्धारण गरिएको छ ।

- नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार तयार गरी पेश भएका वित्तीय विवरण प्रमाणित गरी सो उपर राय सहितको प्रतिवेदन जारी गरिएको छ । त्यसैगरी दाताको सहयोगमा सञ्चालित आयोजना तथा कार्यक्रमहरुको आयोजना हिसाव प्रमाणित गरी राय सहितको प्रतिवेदन तथा व्यवस्थापन पत्र समेत जारी गरिएको छ ।

४. लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार

- वित्तीय, नियमितता र कार्यमूलक लेखापरीक्षणको अवधारणा अनुसार लेखापरीक्षण विधि अवलम्वन गरी लेखापरीक्षण गर्ने प्रक्रियाको शुरुवात गरिएको छ । कार्यमूलक लेखापरीक्षणलाई सहभागितात्मक बनाउने प्रयोजनार्थ प्रदेशगत रुपमा ३६१ जना व्यक्तिलाई नागरिक लेखापरीक्षण सम्बन्धी तालिम प्रदान गरी कार्यमूलक लेखापरीक्षणमा संलग्न गराईएको छ

- विषय छनौट गर्दा ज्वलन्त, मिडियामा उठान भएका, नागरिक समाजमा अनुरोध भएका विषयहरुलाई प्राथमिकता दिइएको

छ ।

- कोभिड १९ को प्रभाव अध्ययन गरी मध्यम र न्यून जोखिमका कार्यालयको दूर लेखापरीक्षण प्रणाली (Remote auditing system) अनुसार लेखापरीक्षण गर्ने कार्यको शुरुवात भएको छ ।
- वार्षिक लेखापरीक्षण योजना अनुसार मन्त्रालयगत लेखापरीक्षण योजना र सो अनुसार कार्यालयगत लेखापरीक्षण योजना तर्जुमा गरी लेखापरीक्षण गर्ने पद्धतिको शुरुवात भएको छ ।
- लेखापरीक्षण योजनामा उल्लिखित उद्देश्य र कार्यक्रममा आधारित रही लेखापरीक्षण गर्ने, प्रमाण सङ्कलन गर्ने, विश्लेषण गर्ने र लेखापरीक्षण निष्कर्ष निकाल्ने पद्धतिको विकास गरिएको छ ।
- लेखापरीक्षणमा प्रक्रियागत पक्षको अलावा नतिजामूलक एवं समस्या केन्द्रित लेखापरीक्षणमा जोड दिइएको । त्यसैगरी भौतिक निर्माण तथा कार्यक्रम सञ्चालनको कागजात परीक्षणको अलावा स्थलगत निरीक्षण तथा अवलोकन गर्ने विधिमा जोड दिइएको छल ।

वार्षिक प्रतिवेदन	लेखापरीक्षण सम्पन्न गरेका कार्यालय संख्या	लेखापरीक्षण अंक (रु.करोडमा)
५५ औं	६६०७	४६८६९१
५६ औं	६६४४	५१६०९२
५७ औं	५६१९	५१७१६४
५८ औं	५४६२	५३२७९१
जम्मा		२०३४७३८

- लेखापरीक्षणको मुख्य उद्देश्य वित्तीय अनुशासन र जवाफदेहिता प्रवर्द्धन गर्ने हो । उक्त उद्देश्य पूरा गर्न प्रत्येक वर्ष करिब ६ हजार कार्यालयको लेखापरीक्षण गरी सुझाव सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा प्रेषित गरिएको छ ।
- सरकारी कार्यालयको लेखापरीक्षणबाट मुख्यत: नियम कानुन पूरा नगरेको अनियमित, बढी भुक्तानी दिएको वा घटी रकम असुल गरेकोमा असुल गर्नुपर्ने र फर्स्यौट गर्न बाँकी रहेको बेरुजु औल्याई वित्तीय जवाफदेहिता पालना गर्न प्रेरित गर्ने गरेको छ ।
- महालेखापरीक्षकको ५५ औं देखि ५८ औं वार्षिक प्रतिवेदनसम्मको अवधिमा नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षणका लागि परामर्श दिईएको छ भने सोही अवधिमा सरकारी कार्यालयहरुको लेखापरीक्षणबाट घटी राजस्व असुल गरेको, कोषमा मौज्दात निष्कृय राखेको, बढी भुक्तानी गरेको र प्रचलित कानुनको पालना नगरी खर्च गरेको रु.३७ अर्ब ४२ करोड असुली भई सञ्चित कोषमा दाखिला भएको छ ।
- निकायगत रुपमा जिम्मेवार लेखाउत्तरदायी अधिकृत र सार्वजनिक संस्थानका प्रमुखलाई जवाफदेही बनाउन निजको नाम र कार्य अवधि सहितको बेरुजुको विवरण वार्षिक प्रतिवेदन मार्फत सार्वजनिक गर्न थालिएको ।
- विगत वर्षदेखि लेखापरीक्षण बक्यौता रहेका सार्वजनिक संस्था, कार्यालय र निकायको लेखापरीक्षण सम्पन्न गर्ने कार्यलाई प्राथमिकतामा राखिएको र लेखापरीक्षणका माध्यमबाट वित्तीय जवाफदेहिता पालना गर्न सबै निकायलाई अभिप्रेरित गरिएको छ ।

५. संस्थागत सम्बन्ध र सञ्चार

५.१.संवैधानिक तथा संसदीय सम्बन्ध

- सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको समुपस्थितिमा महालेखापरीक्षकको कार्यालयको ५९ औं र ६० औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको । तत्कालीन सम्माननीय सभामुख श्री कृष्णबहादुर महराज्यूको समुपस्थितिमा महालेखापरीक्षकको कार्यालयको ६१ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न गरिएको । तत्पश्चातका ६२ औं र ६३ औं वार्षिकोत्सवहरु कोभिड महामारीका कारण भर्चुअल माध्यमबाट मनाइयो ।
- सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, संघीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू लगायतका पदाधिकारीहरुसँग लेखापरीक्षणका विविध पक्षहरु बारे छलफल गरी प्राप्त सुझाव समेतका आधारमा लेखापरीक्षणको योजना तर्जुमा र कार्यान्वयन गरिएको छ ।
- सात वटै प्रदेशका माननीय प्रदेश प्रमुखज्यूहरु, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, प्रदेशसभाका माननीय सभामुख र उपसभामुखज्यूहरु तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरु लगायत संघ, प्रदेश र स्थानीय तहका लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख तथा लेखा प्रमुख, सार्वजनिक संस्थानका पदाधिकारीहरुसँगको अन्तरक्रिया तथा छलफल कार्यक्रमलाई निरन्तरता दिईएको । पाँचौ वर्ष प्रदेश नं. १ बाहेक अन्य प्रदेशमा माननीय प्रदेश प्रमुखज्यूहरु, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, प्रदेशसभाका माननीय सभामुख र उपसभामुखज्यूहरु तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरुसँग छलफल सम्पन्न भएको छ ।
- संघीय संसदको सार्वजनिक लेखा समिति तथा प्रदेश सभाको

सार्वजनिक लेखा समितिसँग निकट समन्वय र सम्पर्कमा रही लेखापरीक्षणका विविध विषय तथा वार्षिक प्रतिवेदन माथी हुने छलफललाई प्रभावकारी र नतिजामूखी बनाउने प्रयत्न गरिएको छ ।

- संवैधानिक निकाय, लेखापरीक्षण सल्लाहकार समिति, नागरिक समाज तथा यस क्षेत्रमा क्रियाशील संस्थाहरुसँग सहकार्य गर्ने नीति अनुसार कार्य सम्पादन हुँदै आएको छ ।
- यस अवधिमा नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको ५५ औं (२०७३-७४), ५६ औं (२०७४-७५), ५७ औं (२०७५-७६)र ५८ औं (२०७६-७७) वार्षिक प्रतिवेदन पेश गरिएको छ । ५६ औं वार्षिक प्रतिवेदनबाट तीनै तह (संघ, प्रदेश र स्थानीय) को सरकारको एकीकृत रुपको प्रतिवेदन तयार गरि पेश गरिएको छ ।
- प्रदेश सरकार तथा मातहतका निकायबाट आर्थिक वर्ष २०७४/७५, २०७५/७६, २०७६/७६ मा सम्पादित कार्य तथा तथा आर्थिक कारोबारका सम्बन्धमा लेखापरीक्षण गरी प्रदेशगत रुपमा तयार पारिएका वार्षिक प्रतिवेदनहरु सम्बन्धित प्रदेश प्रमुखज्यूहरु समक्ष पेश गरिएको छ।
- आर्थिक वर्ष २०७३/७४, २०७४/७५, २०७५/७६ र २०७६/७७ मा स्थानीय तहहरुबाट सम्पादित कार्य तथा आर्थिक कारोबार सम्बन्धमा क्रमशः ७३८, ७४७, ७४३ र ६९४ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी छुट्टाछुटै लेखापरीक्षण प्रतिवेदनहरु जारी गरिएको छ।
- कार्यमूलक तथा विशेष लेखापरीक्षणलाई प्राथमिकता दिने नीति अनुरुप ५५ औं, ५६ औं, ५७ औं र ५८ औं वार्षिक प्रतिवेदनमा क्रमशः ९, २८, १७ र १५ विषयमा कार्यमूलक तथा विशेष लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गरिएको ।
- सार्वजनिक निकायबाट सम्पादित कार्यको स्वतन्त्र र निष्पक्ष मूल्यांकन गरी सरोकारवालालाई सुसूचित गराउने उद्देश्यले वार्षिक प्रतिवेदनका सारभूत विषयहरु समावेश गरी वार्षिक प्रतिवेदनको सारांश समेत तयार पार्ने पारिएको ।
- आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण कार्य अन्तिम चरणमा पुगी ५९ औं वार्षिक प्रतिवेदन तयारीको कार्य प्रारम्भ भएको छ । विश्वव्यापी रुपमा देखा परेको कोरोना भाइरस संक्रमणका कारणले वार्षिक प्रतिवेदन तयारी कार्य गत वर्ष जस्तै केही समय प्रभावित हुन पुगेको छ।

५.२. बाह्य सम्पर्क र सञ्चार

- भियतनामको राजधानी हनोईमा भएको एसियाली सर्वोच्च लेखापरीक्षण संस्था (एसोसाई) को १४ औं साधारण सभाबाट नेपाल सन २०१८ देखि ३ वर्षका लागि गभर्निङ्ग बोर्डको सदस्यमा पुनः निर्वाचित भएको । सन २०२० जुलाई २७ (२०७७ श्रावण १२) मा भएको गर्भनिङ बोर्डको ५५औं भर्चुअल बैठकमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल लगायत उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेल, नायव महालेखापरीक्षकद्वय श्री घनश्याम पराजुली र श्री चन्द्रकान्त भण्डारी तथा निर्देशक श्री सत्यनारायण थापाको सहभागिता रहेको ।
- दिगो विकास लक्ष्य सम्बन्धी संयुक्त राष्ट्र संघ मुख्यालय न्यूयोर्कमा आयोजित कार्यक्रममा महालेखापरीक्षक सहितको प्रतिनिधी मण्डलले विगत तीन वर्षदेखि नियमित भाग लिएको ।
- रसियाको राजधानी मस्कोमा आयेजित सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको २३ औं महासभामा नेपालका माननीय महालेखापरीक्षक सहितको प्रतिनिधी मण्डलले भाग लिएको ।
- ईजरायलको जेरुसेलममा आयोजित एसियाली मुलुकका सर्बोच्च लेखापरीक्षण संस्थाहरुको सम्मेलन तथा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन तथा एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनका विविध कार्यक्रमहरु तथा संयुक्त राष्ट्र संघ मुख्यालय न्यूयोर्कमा आयोजित दिगो विकास लक्ष्य सम्बन्धी कार्यक्रममा नेपालको तर्फबाट माननीय महालेखापरीक्षक एवं कार्यालयका पदाधिकारीहरुले सहभागिता जनाएको ।
- भुटानका महालेखापरीक्षक श्री दासो छिरिङ्ग केजाङ, थाईल्याण्डका State Audit Commissioner, Mr. Sansern Poljieak सहितको टोलीले नेपालको भ्रमण गरेको अवसरमा द्विपक्षीय सहयोगका बारेमा छलफल गरी समझदारी पत्रमा हस्ताक्षर भएको । त्यस्तै पाकिस्तानका महालेखापरीक्षक श्री जाभेद जेहान्गिर माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालबीच द्विपक्षीय सहयोगका लागि एक समझदारी पत्रमा हस्ताक्षर गरिएको ।
- विश्व बैंक समूहका Vice-President and Auditor General Ms. Anke D'Angelo को नेपालको भ्रमणको अवसरमा सार्वजनिक वित्तीय प्रशासन र आर्थिक अनुशासन, जिम्मेवारी र जवाफदेहिताको विषयमा महालेखापरीक्षकको कार्यालयमा एक अन्तरक्रिया सम्पन्न भएको ।
- महालेखापरीक्षकको कार्यालय र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तराष्ट्रिय संगठन (इन्टोसाई) अर्न्तगतको इन्टोसाई डेभलप्मेन्ट इनिसियटिभ (IDI) को संयुक्त आयोजनामा अन्तर्राष्ट्रियस्तरको *SAI Fighting Against*

Corruption र एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनको संयुक्त आयोजनामा गुणस्तर नियन्त्रण तथा आश्वस्तता सम्बन्धी अन्तर्राष्ट्रियस्तरको कार्यशाला आयोजना गरिएको ।

- अन्तर्राष्ट्रिय बजेट पार्टनरसिप र महालेखापरीक्षकको कार्यालयको संयुक्त आयोजनामा Audit Accountability सम्बन्धी अन्तर्राष्ट्रिय वर्कसप नेपालमा आयोजना गरिएको ।
- सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन तथा एशियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठनका अन्य विविध कार्यक्रमहरुमा नेपालको तर्फबाट महालेखापरीक्षकको कार्यालयका विभिन्न पदाधिकारीहरुले सहभागिता जनाएको ।
- विभिन्न देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरु, विश्व बैंक समूह, एशियाली विकास बैंक, संयुक्त राष्ट्र संघ अन्तर्गतका निकायहरु लगायत यस क्षेत्रमा क्रियाशिल अन्तर्राष्ट्रिय निकायहरुसँग द्विपक्षीय सम्बन्ध कायम गरी आपसी हित र क्षमता विकासका कार्यलाई प्राथमिकता दिइएको ।
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेश भए पश्चात पत्रकार सम्मेलन मार्फत विभिन्न माध्यमहरुबाट प्रतिवेदन सार्वजनिक गर्ने गरिएको ।
- लेखापरीक्षण र वित्तीय जवाफदेहिता सम्बन्धी गतिविधिहरुका सम्बन्धमा नियमित रुपमा लेखापरीक्षण बुलेटिन, लेखापरीक्षण पत्रिका, वार्षिक प्रगति प्रतिवेदन, सूचनामूलक ब्रोसर, प्रेस विज्ञप्ती आदिको प्रकाशन, प्रशारण र वितरणको व्यवस्था मिलाईएको ।

महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौं

सार्वजनिक अनुरोध

नेपालको संविधान लेखापरीक्षण ऐन, २०७५ र अन्य प्रचलित कनूनले तोके बमोजिमका निकायहरुको लेखापरीक्षण गर्न संघ, प्रदेश र स्थानीय तह अन्तर्गत लेखापरीक्षण कार्य सञ्चालन हुन गइरहेको छ । यस सन्दर्भमा सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग, विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हेर्न/परीक्षण गर्न सकिने हुँदा उल्लेखित विषयमा कुनै जानकारी भएमा यस कार्यालयबाट खटिएको लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराईदिनु हुन हार्दिक अनुरोध गरिन्छ । साथै, यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, सल्लाह एवं गुनासा भएमा देहायको ठेगानामा जानकारी गराई उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय लेखापरीक्षण गर्ने कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ ।

पत्रचार वा सम्पर्क गर्ने ठेगानाः

महालेखापरीक्षकको कार्यालय, अनामनगर, काठमाडौं ।
पोष्टबक्स नं. : १३३२८
फोन नं. : +९७७-१-४७७१२७०
ईमेल : oagnep@ntc.net.np
वेवसाइट : www.oag.gov.np

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री घनश्याम पराजुली
सम्पर्क : +९७७-०१-४७७१५८२, ९८४१३६२२८६
ईमेल : gsparajuli@gmail.com

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री नेत्र प्रसाद पोडेल
सम्पर्क : +९७७-०१-४७७०६८७, ९८५१११७५११
ईमेल : dir.admin@oagnep.gov.np

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

लेखापरीक्षकसँगको अन्तरक्रिया कार्यक्रम



माननीय महालेखापरीक्षकज्यूले संगठित संस्थाको लेखापरीक्षण गर्न नियुक्त गरिएका लेखापरीक्षकसँग लेखापरीक्षण अवस्थाको सम्बन्धमा जानकारी लिनुहुँदै ।

६ जेष्ठ, २०७९

महालेखापरीक्षकको कार्यालयले यो वर्ष भईरहेको संगठित संस्थाको लेखापरीक्षण कार्यको प्रगति स्थितिको विश्लेषण गर्न नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्न महालेखापरीक्षकको सहायकका रुपमा नियुक्त गरिएका लेखापरीक्षक र महालेखापरीक्षकको परामर्शमा संगठित संस्थाबाट नियुक्त लेखापरीक्षकहरुसँग एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमलाई माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले सम्वोधन गर्दै यो वर्षको संगठित संस्थाको लेखापरीक्षण कार्य अन्तिम चरणमा रहेकोले प्रतिवेदन तयार गर्दा वित्तीय व्यहोराका अतिरिक्त वस्तु तथा सेवाको उत्पादन, सेवा प्रवाह सहित मितव्ययिता, कार्यदक्षता, प्रभावकारिताका विषयहरुमा पनि उत्तिकै ध्यान दिन आग्रह गर्नु भएको थियो । लेखापरीक्षक नियुक्तिको बखत र पछि आयोजना गरिएको वैठकमा समेत संगठित संस्थाको लेखापरीक्षण गर्दा लेखापरीक्षकले हेर्नु पर्ने विषयका सम्वन्धमा छलफल भएका कुराहरुको पुनः स्मरण गराउनुहुँदै कुनै पनि व्यहोरा उल्लेख गर्दा मुख्यतः कानुनी आधारलाई ध्यान दिनु पर्ने कुरामा जोड दिनुभएको थियो । सरकारले गरेको लगानी, बजारमूल्यमा गर्नुपर्ने हस्तक्षेप, सेवाको महत्व जस्ता पक्षहरुले संगठित संस्थाप्रति सरोकारवाला निकाय तथा नागरिकको चासो स्वभाविक रहेको बताउनु भयो । महालेखापरीक्षकको ५८ औं वार्षिक प्रतिवेदन अनुसार तीनै तहको सरकारको लेखापरीक्षण अंक रु २६ खर्व ९ अर्व २१ करोड रहेकोमा संगठित संस्थाको आव २०७६।७७ को रु. ३६ खर्व ७५ अर्व ९२ करोड हुनुले पनि त्यसको पुष्टि गरेको बताउनु भयो । प्रत्येक सार्वजनिक संस्थान स्थापनाको उद्देश्य स्पष्ट रहेको हुँदा सो अनुसार संस्थानहरुले के कति हदसम्म त्यसलाई पूरा गरेका छन् लेखापरीक्षण प्रतिवेदनमा त्यसको विश्लेषण गर्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो । उहाँले उद्योगका रुपमा सञ्चालनमा रहेका संस्थानहरुको उत्पादनको वजार मागको अवस्था उच्च हुँदाहुँदै पनि क्षमता अनुसार चलाउन नसक्नु बिडम्वनाको विषय भएको बताउनु भयो । उक्त कार्यक्रममा महालेखापरीक्षकको सहायकको रुपमा र परामर्शमा नियुक्ति गरिएका गरी ७५ जना लेखापरीक्षकहरुको सहभागिता रहेको थियो । कार्यक्रममा उपस्थित संगठित संस्थाका लेखापरीक्षक सबैलाई आ-आफ्नो लेखापरीक्षण अवस्थाको सम्वन्धमा छोटो विवरण पेश गर्न लगाईएको थियो ।



कार्यक्रममा संगठित संस्थाको लेखापरीक्षण गर्न नियुक्त गरिएका लेखापरीक्षकहरु ।

वर्ष ५, अंक २०, २०७९ असार (Year 5, Issue 20 Jun/Jul, 2022

आईक्यानको अभिमुखीकरण कार्यक्रम



माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालद्वारा आईक्यानको CAP–1 विद्यार्थीहरुको अभिमुखीकरण कार्यक्रमको समुदघाटन गर्नु हुँदै ।

२८ असार, २०७९

मुलुकमा लेखा व्यवसायको लागि विश्वसनीय दक्ष जनशक्ति देशभित्रै उत्पादन गर्न नेपाल चार्टड एकाउन्टेन्ट संस्थाको महत्वपूर्ण योगदान रहँदै आएको छ । नेपाल चार्टड एकाउन्टेन्ट संस्था (आईक्यान) ले CAP–1 विद्यार्थीहरुको निम्ति आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गरेको थियो । उक्त अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्नु हुँदै माननीय महालेखापरीक्षकज्यूले नेपाल चार्टड एकाउन्टेन्ट संस्थाले लेखा व्यवसायीलाई आफ्नो पेशाप्रति जिम्मेवार र जवाफदेही बनाउन नियमकीय भूमिका निर्वाह गर्नुको साथै लेखा व्यवसायको विकास, संरक्षण र सम्वर्द्धनमा पनि उत्तिकै महत्वपूर्ण योगदान गरेको बताउनु भएको थियो । उहाँले लेखा व्यवसायसँग सम्बन्धित जनशक्तिको गुणात्मक विकास गरी लेखा र लेखापरीक्षणलाई अन्तराष्ट्रियस्तरको बनाउन तथा लेखा व्यावसायीको समग्र कामकारवाहीमा सामाजिक मान्यता र विश्वास अभिवृद्धि गरी उँचो तुल्याउन संस्था थप क्रियाशील हुने विश्वास व्यक्त गर्नु भयो । माननीय महालेखापरीक्षकज्यूले संस्थाको उद्देश्यलाई साकार पार्न यहाँ अध्ययन गर्नुहुने सबै विद्यार्थीहरुले आफ्नो ज्ञान, सीप र क्षमतालाई समयसापेक्षरुपमा उन्नत बनाउन अध्ययनलाई सन्तुलित र प्रविधिमैत्री बनाउन जोड दिनु भएको थियो । यसको लागि विद्यार्थीहरुमा उच्च मिहिनेत, लगनशीलता, धैर्यता र निरन्तरताको आवश्यकता रहेको बताउनु भएको थियो । कार्यक्रममा आयोजकहरुले संस्थाबाट हाल सञ्चालित अध्ययन कार्यक्रमहरु तिनीहरुबाट प्राप्त उपलब्धि र भविष्यको सोंच तथा त्यसका अवसर एवं चुनौतिहरुबारे चर्चा गर्नु भएको थियो ।



आईक्यानको CAP–1 अभिमुखीकरण कार्यक्रममा उपस्थित विद्यार्थीहरु ।

२०७९ जेठ र असारमा सञ्चालित अन्तर्राष्ट्रिय तालिम कार्यक्रममा मनोनयन तथा सहभागिता

क्र सं	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको किसिम	आयोजक	कैफियत
१	नायब महालेखापरीक्षक	श्री हुमनाथ सुवेदी	Assosai working Group on SDGs को वैठकमा भाग लिन मनोनयन	छलफल कार्यक्रम	कुवेतको सर्वोच्च लेखापरीक्षण संस्था	अनलाईन
२	निर्देशक	श्री सत्य नारायण थापा	Assosai working Group on SDGs को वैठकमा भाग लिन मनोनयन	छलफल कार्यक्रम	कुवेतको सर्वोच्च लेखापरीक्षण संस्था	अनलाईन
३	लेखापरीक्षण अधिकारी	श्री मुकुन्द घिमिरे	Performance Audit on Construction Work (Building)	तालिम	National Audit Academy Malaysia	अनलाईन
४	लेखापरीक्षण अधिकारी	श्री क्षेत्र वहादुर थापा	Performance Audit on Construction Work (Building)	तालिम	National Audit Academy Malaysia	अनलाईन
५	नायब महालेखा परीक्षक	श्री चन्द्रकान्त भण्डारी	Recommendation for the INTOSAI Framework of professional pro-nouncement	छलफल कार्यक्रम	Denmark	मनोनयन गरिएको
६	निर्देशक	श्री श्याम प्रसाद भण्डारी	SARC Audit को लागि मनोनयन गरिएको	लेखापरीक्षण गर्न	सार्क सचिवालय	मनोनयन गरिएको
७	निर्देशक	श्री नीर प्रसाद सुवेदी	SARC Audit को लागि मनोनयन गरिएको	लेखापरीक्षण गर्न	सार्क सचिवालय	मनोनयन गरिएको
८	लेखापरीक्षण अधिकारी	श्री मुकुन्द घिमिरे	Performance Audit on Construction Work (Building)	तालिम	परराष्ट्र मन्त्रालय दक्षिणपुर्व एशिया तथा प्रशान्त महाशाखा	अनलाईन
९	लेखापरीक्षण अधिकारी	श्री क्षेत्र बहादुर थापा	Performance Audit on Construction Work (Building)	तालिम	परराष्ट्र मन्त्रालय दक्षिणपुर्व एशिया तथा प्रशान्त महाशाखा	अनलाईन

२०७९ जेठ र असारमा सञ्चालित राष्ट्रिय तालिम कार्यक्रममा मनोनयन तथा सहभागिता

क्र.सं	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको किसिम	आयोजक	कैफियत
१	नायब महालेखापरीक्षक	श्री हुमनाथ सुवेदी	Learning and sharing workshop program on health Financing for Accelerated toward Uni-versal Health coverage in Nepal	छलफल कार्यक्रम	world Bank Nepal Coun-try Office	भौतिक उपस्थितिमा
२	नायब महालेखापरीक्षक	श्री पदमराज पौडेल	नीति निर्माण तथा शासकिय आयाम र पद्धतिका वारेमा छलफल	छलफल कार्यक्रम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	भौतिक उपस्थितिमा
३	नायब महालेखापरीक्षक	श्री हुमनाथ सुवेदी	PEFA कार्यक्रममा मनोनयन गरिएको	छलफल कार्यक्रम	सार्वजनिक खर्च तथा वित्तिय उत्तरदायित्व सचिवालय	
४	निर्देशक	श्री सत्य नारायण थापा	PEFA कार्यक्रममा मनोनयन गरिएको	छलफल कार्यक्रम	सार्वजनिक खर्च तथा वित्तिय उत्तरदायित्व सचिवालय	
५	लेखापरीक्षण अधिकारी	श्री पिंकी कुमारी दास	PEFA कार्यक्रममा मनोनयन गरिएको	छलफल कार्यक्रम	सार्वजनिक खर्च तथा वित्तिय उत्तरदायित्व सचिवालय	
६	नायब महालेखापरीक्षक	श्री बैकुण्ठ वहादुर अधिकारी	Nomination for Protfolio Diagnostic Assessment	छलफल कार्यक्रम	residential work-shop program ADB	भौतिक उपस्थितिमा
७	निर्देशक	श्री भुमिराज आचार्य	Nomination for Protfolio Diagnostic Assessment	छलफल कार्यक्रम	residential work-shop program ADB	भौतिक उपस्थितिमा
८	निर्देशक	श्री योग्यप्रसाद राई	अभिमुखीकरण तालिम	तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा

क्र.सं	पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको किसिम	आयोजक	कैफियत
९	निर्देशक	श्री सुशीलराज खनाल	अभिमुखीकरण तालिम	तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा
१०	निर्देशक	श्री रामचन्द्र ओझा	अभिमुखीकरण तालिम	तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा
११	निर्देशक	श्री रमेश सुवेदी	अभिमुखीकरण तालिम	तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा
१२	निर्देशक	श्री मुकुन्द घिमिरे	अभिमुखीकरण तालिम	तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा
१३	निर्देशक	श्री रामकुमार शर्मा	अभिमुखीकरण तालिम	तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा
१४	निर्देशक	श्री तिलकप्रसाद सापकोटा	अभिमुखीकरण तालिम	तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा
१५	निर्देशक	श्री जितेन्द्र श्रेष्ठ	अभिमुखीकरण तालिम	तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा
१६	निर्देशक	श्री कमलराज अर्याल	अभिमुखीकरण तालिम	तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा
१७	निर्देशक	श्री कृष्ण प्रसाद खनाल	अभिमुखीकरण तालिम	तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा
१८	निर्देशक	श्री दिल कुमार श्रेष्ठ	अभिमुखीकरण तालिम	तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा
१९	निर्देशक	श्री रचना प्रधान	अभिमुखीकरण तालिम	तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा

२०७९ जेष्ठ र असार महिनामा खुल्ला प्रतिस्पर्धात्मक परीक्षाबाट नयाँ नियुक्ति भएका कर्मचारीको विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	नियुक्ति मिति
१	निर्देशक	श्री कमलराज अर्याल	२०७९।३।१६
२	निर्देशक	श्री कृष्णप्रसाद खनाल	२०७९।३।१७
३	निर्देशक	श्री दिल कुमार श्रेष्ठ	२०७९।३।१८
४	निर्देशक	श्री रचना प्रधान	२०७९।३।१९

२०७९ जेष्ठ र असार महिनामा जेष्ठता, कार्यक्षमताको मुल्यांकन र आन्तरिक प्रतिस्पर्धात्मक परीक्षाबाट वढुवा नियुक्ति भएका कर्मचारीको विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	नियुक्ति मिति
१	लेखापरीक्षण अधिकारी	श्री अनिता गौतम	२०७९।२।३
२	लेखापरीक्षण अधिकारी	श्री राधिका चम्लागाइ	२०७९।२।३
३	लेखापरीक्षण अधिकारी	श्री रविना कुमारी	२०७९।२।३
४	लेखापरीक्षण अधिकारी	श्री प्रकाश बसेल	२०७९।२।३
५	लेखापरीक्षण अधिकारी	श्री संगीता खतिवडा	२०७९।२।३
६	लेखापरीक्षण अधिकारी	श्री लक्ष्मी पन्थी	२०७९।२।३
७	लेखापरीक्षण अधिकारी	श्री राम काजी थापा मगर	२०७९।२।३
८	लेखापरीक्षण अधिकारी	श्री सन्तोष ढकाल	२०७९।२।३
९	लेखापरीक्षण अधिकारी	श्री सुरक्षा पोखरेल	२०७९।२।३
१०	लेखापरीक्षण अधिकारी	श्री गणेश कुमार श्रेष्ठ	२०७९।२।३

क्र.सं.	पद	कर्मचारीको नाम	नियुक्ति मिति
११	लेखापरीक्षण अधिकारी	श्री कल्पना थापा	२०७९।२।३
१२	निर्देशक	श्री योग्य प्रसाद राई	२०७९।३।७
१३	निर्देशक	श्री सुशिलराज खनाल	२०७९।३।७
१४	निर्देशक	श्री रामचन्द्र ओझा	२०७९।३।७
१५	निर्देशक	श्री रमेश सुवेदी	२०७९।३।७
१६	निर्देशक	श्री मुकुन्द घिमिरे	२०७९।३।७
१७	निर्देशक	श्री राम कुमार शर्मा	२०७९।३।७
१८	निर्देशक	श्री तिलक प्रसाद सापकोटा	२०७९।३।७
१९	निर्देशक	श्री जितेन्द्र श्रेष्ठ	२०७९।३।७

२०७९ जेष्ठ र असार महिनामा रमाना भई आएका कर्मचारीको विवरण

क्र.सं.	पद	कर्मचारीको नाम	रमाना भई आएको मिति
१	निर्देशक	श्री योग्य प्रसाद राई	२०७९।३।२४
२	निर्देशक	श्री सुशिलराज खनाल	२०७९।३।८
३	निर्देशक	श्री रमेश सुवेदी	२०७९।३।८
४	निर्देशक	श्री तिलक प्रसाद सापकोटा	२०७९।३।८
५	निर्देशक	श्री कृष्णप्रसाद खनाल	२०७९।३।१६
६	निर्देशक	श्री दिलकुमार श्रेष्ठ	२०७९।३।१६
७	निर्देशक	श्री रचना प्रधान	२०७९।३।१६

श्रद्धाञ्जली

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२००० असोज ०४

स्वर्गारोहण:
वि.सं.
२०७९ वैशाख १९

स्व. वेलकुमारी ज्ञवाली

यस कार्यालयका निर्देशक श्री कृष्णप्रसाद ज्ञवालीज्यूका पूजनीय आमा वेलकुमारी ज्ञवालीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९४ वैशाख १३

स्वर्गारोहण:
वि.सं.
२०७९ असार १२

स्व. मिनाकुमारी गौतम

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री नेत्रप्रसाद गौतमज्यूका पूजनीय आमा मिनाकुमारी गौतमको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौ ।

महालेखापरीक्षक टंकमणि शर्मा, दंगाल
तथा
महालेखापरीक्षकको कार्यालय परिवार